# आ.व. २०७४/०७५

# अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रम



# कार्यक्रम सम्पन्न प्रतिवेदन



फलेवास नगरपालिका

फलेवास नगरकार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**खानीगाउँ, पर्वत**

**गण्डकी प्रदेश, नेपाल**

प.सं.: ०७५/७६
च.नं.:

मिति : २०७५/०५/०८

**श्री नगर प्रमुख ज्यू**
**फलेवास नगरकार्यपालिकाको कार्यालय**
**खानीगाउँ, पर्वत**

**विषय : अन्तरक्रिया तथा सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन सम्वन्धमा ।**

प्रस्तुत विषयका सम्वन्धमा फलेवास नगरकार्यपालिकाले गत आ.व. २०७४/७५ मा संचालन गरेका योजना तथा कार्यक्रमको वारेमा वडा तहमा सार्वजनिकिकरण तथा अन्तरक्रिया र नगरपालिकाका वडा कार्यालय, सेवा केन्द्र तथा नगरकार्यपालिकाको कार्यालयवाट सम्पादन गरेका सार्वजनिक सेवाको वारेमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा नगरवासीहरुको उल्लेख्य उपस्थिति, सहभागीता र अन्तरक्रियामा भाग लिएका थिए । सार्वजनिक सुनुवाई कार्यक्रममा नगर, प्रदेश र संघ अन्तरगतका सेवा प्रदायक निकायहरुको वारेमा जिज्ञासा, सुझाव, सल्लाह र गुनासो राखेका थिए । नगरले गरेका राम्रा काम र राखेको लक्ष्यको प्रशंसा गरेका थिए । नगर कार्यपालिका वैठकको निर्णय अनुसार २०७५ साल श्रावण २५ गते देखि भाद्र २ गते सम्म संचालित वडा स्तरीय अन्तरक्रिया तथा सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन यसै साथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

प्रतिवेदन तयार गर्न सहयोग गर्ने कार्यक्रम व्यवस्थापक देवीप्रसाद तिमिल्सिना र पारेश्वर शर्मालाई धन्यवाद व्यक्त गर्दछु ।

मोतीराम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फलेवास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खानीगाउँ पर्वत

# अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

स्थान : फलेवास नगरपालिका वडा नं. १ देखि ११ सम्म

मिति : २०७५ साल श्रावण २५ गते देखि भाद्र २ गते सम्म

**कार्यक्रमको विवरण :**

अध्यक्षता : वडाध्यक्षहरु

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

**उद्देश्य :**

- गत आ.व. २०७४/०७५ मा फलेवास नगर कार्यपालिकाले संचालन गरेका कार्यक्रमहरुको वारेमा नगरवासी विच सार्वजनिक एवं समिक्षा गर्ने
- वडा तहमा भएका योजना तथा कार्यक्रमको वारेमा जानकारी गराउने र सुझाव सल्लाह दिने ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, सेवा केन्द्रहरुवाट प्रदान गरिएको सेवामा नागरिकको गुनासो संकलन गर्ने ।

**अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र**

- नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- न्यायीक क्षेत्र
- चालु आ.व.को निति तथा कार्यक्रम
- समग्र नगर सरोवारका विषयहरु

**कार्यक्रममा प्रस्तुती एवं अन्तरक्रिया**


- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : प्रमुख प्रशासकीय अकिकृत श्री मोतीराम सापकोटा र योजना व्यवस्थापक श्री देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्षहरु
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : उपप्रमुख श्री मञ्जु अधिकारी र श्री पारश शर्मा
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : प्रमुख प्रशासकीय अधिकृत श्री मोतीराम सापकोटा र योजना व्यवस्थापक श्री देवीप्रसाद तिमिल्सिना

○ फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती र आएका जिज्ञासाको समाधान : नगर प्रमुख श्री पदमपाणी शर्मा


**वडा तहको उपस्थितीको विवरण :**

| वडा नं. | वडा नाम | लैगिंक आधारमा | | | जातीगत रुपमा | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | क्षेत्री/व्रामण्ड |
| १ | कार्कीनेटा | ११ | ५४ | ६५ | ९ | २ | ५४ |
| २ | थापाठाना | १० | ५३ | ६३ | २ | २१ | ४० |
| ३ | शंकरपोखरी | १८ | ५६ | ७४ | २१ | १ | ५२ |
| ४ | मुडिकुवा | ३६ | ४९ | ८५ | १२ | ० | ७३ |
| ५ | खानीगाउँ | १८ | ५६ | ७४ | ७ | ४ | ६३ |
| ६ | देविस्थान | ३२ | ९८ | १३० | १२ | २७ | ९१ |
| ७ | लिमिठाना | १२ | ४० | ५२ | ७ | ० | ४५ |
| ८ | ठानामौला | ११ | ६० | ७१ | १६ | ८ | ४७ |
| ९ | भंगरा | १६ | ५४ | ७० | १८ | १० | ४२ |
| १० | कुर्घा | १६ | ५५ | ७१ | ७ | ७ | ५७ |
| ११ | पाङराङ | २४ | १०२ | १२६ | २२ | ० | १०४ |
| **जम्मा** | | **२०४** | **६७७** | **८८१** | **१३३** | **८०** | **६६८** |


**वडा तहको उपस्थिती :**



**लैंगिक आधारमा वडा तहको उपस्थिती :**





**जातीगत आधारमा उपस्थिती :**



## नगर कार्यपालिकाको कार्यालयवाट उपस्थिती

| पद | नाम | वडा अनुसार उपस्थिति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| नगर प्रमुख | श्री पदमपाणी शर्मा | √ | √ | | √ | √ | √ | √ | √ | √ | √ | √ |
| नगर उपप्रमुख | श्री मञ्जु अधिकारी | √ | | √ | √ | √ | √ | √ | √ | | √ | √ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री मोतीराम सापकोटा | √ | √ | √ | √ | √ | | √ | √ | √ | √ | √ |
| नगर कार्यपालिका सदस्य | श्री टिकाराम गौडेल | | | | | | | | | | | √ |
| योजना व्यवस्थापक | श्री देवी प्र. तिमिल्सिना | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| सूचना अधिकृत | श्री कमल गौतम | √ | √ | √ | √ | | | √ | √ | √ | √ | √ |
| खरिदार | श्री पारेश्वर शर्मा | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| पत्रकार | श्री शंकर शर्मा | | | √ | √ | √ | √ | √ | √ | | √ | √ |
| सवारी चालक | श्री सन्तोष पौडेल | | | | | | | | | | | |
| कार्यालय सहयोगी | श्री चन्द्र वहादुर कुंवर | | | | | | | | | | | |


## राय सुझाव, सल्लाह तथा गुनासो राख्नेहरुको विवरण :



## नगरकार्यपालिकावाट गरिएका कामको अन्तरक्रिया कार्यक्रममा प्रसंशा :

- भौगोलिक रुपमा कठिन अवस्थामा रहेको फलेवास नगरपालिकाको एकिकृत विकास अवधारण राम्रो छ ।
- मोटरवाटको मापदण्ड तोकी दिगो विकास हुने गरी सडक निर्माणको अभियान राम्रो छ
- गुरु योजना तयार गरी क्रमवद्ध रुपमा कामको थालनी गर्नु ।
- विद्युतका काठेपोललाई फलामका पोलमा रुपान्तरण गर्ने गरी थालनी गर्नु ।
- कक्षा एकवाट सवै विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन शुरुवात गर्नु ।
- फलेवास नगरपालिकालाई प्रदेशको राजधानी जोड्ने योजना अगाडी वढाउनु
- समग्र नगरको विकासलाई एकद्धार प्रणालीवाट विकास थालनी गर्नु ।
- वडा कार्यालयवाट दिईएको सेवा प्रशंसनीय । प्रविधिमैत्री वनाउनु पर्छ ।
- वोरिङ्गवाट जमिन मुनिको पानी निकाल्न पहल गरिएको ।
- आवश्यकताका आधारमा योजनालाई प्राथमिकता दिनु ।
- नगरलाई सडक सञ्जालले जोड्ने गरी वाहिरी र भित्री चक्रपथको अवधारणा
- कालीगण्डकी वहुउद्देश्यीय परियोजनाको पहल ।
- योजना कार्यान्वयन प्रभावकारी र देखिने गरी भएको
- १२ कक्षा सम्मको अनुमती, व्यवस्थापन र नियमन नगरकार्यपालिकावाट हुनु
- नगरपालिकाको भूगोलको आधारमा जहाँ विकासमा पछाडी परेको छ त्यस क्षेत्रलाई पहिलो प्राथमिकता दिनु ।
- वडा कार्यालयवाट सार्वजनिक सेवाका काम र नगर कार्यालयवाट आर्थिक कारोवारका काम हुंदा प्रभावकारी भएको छ ।
- नगरपालिकाले सवै क्षेत्र शिक्षा, स्वास्थ्य, पूर्वाधार, क्षमता विकास, स्वरोजगार, आयआर्जन समेटेको छ ।
- आवश्यकताका आधारमा खानेपानी पाईप र जाली उपलव्ध हुनु ।
- सवै वडामा योजना तर्जुमा, कृषि विकास तथा पशुसेवाका अभियान संचालन
- वडास्तरीय योजना भन्दा नगरस्तरीय योजनाहरु भएको हुंदा देखिने काम र टिकाउ हुने काम भएको छ ।
- शिक्षाको सुधारकालागि शुरुवात हुनु ।
- फलेवासलाई एउटै मालामा गाँस्ने गरी चक्रपथको शुरुवात भएको छ ।
- धार्मिक, सांस्कृतीक र पर्यटकीय हिसावले समेत फलेवासलाई चिनाउन खोजिएको छ ।
- एकिकृत सम्पती कर लागु हुनु राम्रो छ । करको दर समय सापेक्ष छ ।

**राय सुझाव, सल्लाह तथा गुनासो राख्नेहरु :**




**वडा कार्यालयकोलागि वडावासीवाट आएका सुझाव तथा गुनासाहरु :**

- अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- स्वरोजगार कार्यक्रम संचालन गर्दा घरमा रोजगार नभएको घरलाई प्राथमिकता दिनु पर्ने ।
- एक गाउँ एक प्राविधिकको भूमिका, जिम्मेवारी, अनुगमन समय समयमा हुनु पर्छ ।
- दलित तथा विपन्नलाई आत्म सम्मान हुने खालको व्यवहार हुनु पर्छ । हेला होचोको व्यवहार अन्त्य हुनु पर्छ ।
- वडा कार्यालयमा नागरिक वडापत्र र गुनासो पेटिका राख्नु पर्ने ।
- जनप्रतिनिधिहरु वडा वाहिर वढि समय दिएको देखिएको हुंदा वडामा समय दिनु पर्ने ।
- स्थानीय संचार माध्यमको सवलीकरणका कार्यक्रममा संचालन गर्नु पर्ने ।
- मिनि टेलसको क्षमता कम भएको पाईयो यसमा अनुगमन गर्न जरुरी देखिएको छ ।
- उत्पादनको वजारीकरण कहिले र कसरी हुन्छ ।

**नगरपालिकाको लागि नगरवासीवाट आएका गुनासाहरु :**

- चक्रपथलाई नियमित संचालन हुने गरी काम गर्नु पर्ने ।
- अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- मोटर वाटो निर्माण गर्दा भत्केका संरचना निर्माणमा ध्यान दिनु पर्ने ।
- न्यायीक समितिमा परेका उजुरीहरुको छिटो छिटो छानविन र फैसला होस ।
- विद्यालयको अनुगमन प्रभावकारी ढंगले होस ।
- जैमुनी कार्कीनेटा मोटरवाटोको ढल निकास र नाली संगसंगै वनाउनु पर्ने ।
- फलेवास नगरपालिकाको केन्द्र (मुकाम) कहाँ हो तोक्नु पर्छ ।
- वरपिपल, पोखरी संरक्षणमा ध्यान जानु पर्छ दिगो विकास हर्नु पर्छ ।
- फोहोर व्यवस्थापनको लागि समयमा नै स्थान छनौट होस ।
- अस्पतालको क्षेत्र छनौट र शुरुवात समयमा नै गर्नु पर्छ ।

- अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- स्थानीय संचार माध्यमको सवलीकरणका कार्यक्रममा वजेट देखिएन ।
- मोटर वाटोले क्षति पुगेका सिंचाई र खानेपानीको मर्मत हुनु पर्छ ।
- मिनि टेलसको क्षमता कम भएको पाईयो यसमा अनुगमन गर्न जरुरी देखिएको छ ।
- उत्पादनको वजारीकरण कहिले र कसरी हुन्छ ।
- एक गाउँ एक प्राविधिकको भूमिका, जिम्मेवारी तोकिनु पर्छ । अनुगमन समय समयमा हुनु पर्छ ।
- दलित तथा विपन्नलाई आत्म सम्मान हुने खालको व्यवहार हुनु पर्छ ।
- विद्यालयमा कम्प्युटर ल्याव चलाउन सोलारको आवश्यकता भएको हुंदा पहल आवश्यक गर्नु पर्छ ।
- एकै ठाउँवाट मोटर वाटो र सिंचाई कुलो नमिल्ने भएको हुंदा एक मात्र वनाउनु पर्ने ।
- कुकुरको समयमा नै व्यवस्थापन गर्नु पर्ने । कुकुरलाई नियमित इन्जेक्सन र घरमा वाँधेर पाल्नु पर्ने
- विद्यालयको अनुगमन प्रभावकारी ढंगले होस ।
- वडा कार्यालयमा नागरिक वडापत्र र गुनासो पेटिका राख्नु पर्ने ।
- युवा स्वरोजगार र साना सिंचाई योजनाको सूचना वडाका टोल टोलमा जानकारी हुनु पर्ने ।
- जनप्रतिनिधिहरु वडा वाहिर वढि समय दिएको देखिएको हुंदा वडामा समय दिनु पर्ने ।
- खेलकुद मैदानको स्तरउन्नती र जाली व्यवस्थापनमा सहयोग गर्न आग्रह ।
- फनपा ८ मा रहेको टेलीमेडिसिनलाई नगर स्वास्थ्य अस्पतालको रुपमा विकास गनु पर्ने ।
- मोटर वाटो मापदण्ड अनुसार नखनिएको हुंदा घरगोठ वाहेक अन्य ठाउँमा नियमानुसार खन्नु पर्ने ।
- वाटो निर्माण गर्दा भत्कीएको खानेपानी ट्यांकी, सिंचाई, गोरेटो वाटो निर्माणमा ध्यान दिनु पर्ने ।
- मोटरवाटोको निर्माणको कारण सवै खेतवारी नष्ट भएको कत्ति पनि धान कोदो नरोपेको हुंदा राहातको कार्यक्रममा समावेश गरिदिनु हुन । (रञ्जना देवी सापकोटा ठानामौला)
- टोल विकास संस्थाको भूमिका के हो र जिम्मेवारी के हुन ।
- फलेवास नगरपालिकाको केन्द्र (मुकाम) कहाँ हो तोक्नु पर्छ ।


## संघ, प्रदेश र अन्य क्षेत्रका लागि नगरवासीवाट आएका गुनासाहरु :

- कालिगण्डकी लोक मार्गको काम के भएको छ ।
- दोविल्ला फलेवास पिप्ले लमायखोला लुंखु सडको गुणस्तर कम ।
- दोविल्ला फलेवास ढिक मोटर वाटोको पिच गर्ने योजना के भएको छ ।
- फलेवासको ठुलो सिंचाई योजनाको काम के हुंदै छ ।
- खानेपानी एक घर एक धारा कहाँ काम हुंदैछ ।
- जेष्ठ नागरिक परिचय पत्रले सार्वजनिक सेवामा सुविधा पाएका छैनन् ।
- माभ्रि गाउँको विद्यालयमा घटेको घटनाको छान विन के हुंदै छ ।
- भूकम्पको दोश्रो किस्ताको लागि थप पहल गर्नु पर्ने देखिन्छ ।
- भूकम्पको जनगुनासो सम्वोधन हुनु पर्छ जनताहरु अन्योलमा रहेका छन । वनाईएका घरहरु सवै पास हुनु पर्‍यो ।
- भूकम्पको आंसिकमा परेका घरको समस्या कहिले समाधान हुन्छ ।

- डोजर जलाएको अनुसन्धान के भएको छ ।
- युवा स्वरोजगारका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन हुनु पर्छ ।
- सामाजिक सुरक्षा भत्ता किन वढेन ।
- भंगरा प्रहरी चौकीमा प्रहरीको दरवन्दीको संख्याको तुलनामा ज्यादै कम प्रहरी रहेको हुंदा शान्ति सुरक्षामा कठिन भएको छ ।
- वडाको केन्द्रमा मदिरा विक्रि वितरण वढेको, झैझगडामा वृद्धि भएको हुंदा प्रहरी चौकीको माग ।
- वैंक तथा वित्तिय संस्थाको ऋणमा व्याज वढि भएको ।

## नगर कार्यपालिका, प्रदेश र संघ सरकार अन्तरगत विभिन्न सेवा प्रदायक कार्यालयलाई आएका सुझाव, सल्लाह र गुनासाहरु :

**सुझाव, सल्लाह र गुनासाको संख्या : १२८५**




## नगरवासीका गुनासोको सम्वोधन :

- वडा कार्यालयका लागि आएका गुनासो : वडाध्यक्षहरुवाट
- नगरकार्यपालिकाको कार्यालयको प्रशासन सम्वन्धी :
  प्रमुख प्रशासकीय अधिकृत मोतीराम सापकोटावाट
- न्याय सम्पादन सम्वन्धी आएका जिज्ञासा :
  नगर उपप्रमुख श्री मञ्जु अधिकारीवाट
- समग्र नगरकार्यपालिका र समसामयीक विषयमा आएका जिज्ञासाहरुको सम्वोधन :
  नगर प्रमुख श्री पदमपाणी शर्मा

## नगर कार्यपालिकाको तर्फवाट नगरवासीहरुलाई सम्वोधन :

### प्रमुख प्रशासकीय अधिकृत मोतीराम सापकोटावाट कार्यालय सम्वन्धी जिज्ञासा र गुनासा समाधान ः

- नगरकार्यपालिकाको कार्यालयवाट हुने अधिकांस कामहरु वडा कार्यालयहरुवाट सेवा प्रदान गरिएको छ ।
- नगरमा कर्मचारीहरु न्युन भएको हुंदा विहान देखि सांझ सम्म कर्मचारीहरुलाई काम सम्पादन गरिएको छ ।
- नगरवाट सेवा प्रवाह गर्दा पहिलो आउने सेवाग्राहीलाई पहिलो प्राथमिकता दिईएको छ ।
- थोरै श्रोत साधन छ तर नगरवासीको आवश्यकता धेरै छ त्यसैले प्राथमिकताका आधारमा काम अगाडी वढाएका छौं
- वडा कार्यालयलाई प्रविधि मैत्री एवं सेवाग्राहि मैत्री वनाएर नगरवासीलाई सेवा दिने प्रतिवद्धता व्यक्त गर्दछौं ।

### नगर उप प्रमुख मञ्जु अधिकारीवाट सहभागीवाट आएका जिज्ञासाको सम्वोधन ः

- फलेवास नगरपालिकावाट चालु आ.व.मा समय समयमा योजनाको अनुगमन गरिने छ ।
- राम्रो काम गर्नेलाई प्रोत्साहन गरिने छ र कमिकम्जोरी हुन नदिन पहल गरिने छ ।
- नगरमा न्याय सम्पादनकालागि आएका निवेदनको समयमा नै छानविन नगरवासीलाई नयाँको प्रत्याभूती दिईने छ ।
- राजश्व दर भन्दा दायरा फराकिलो वनाईने छ र नगरको आन्तरिक आम्दानी वृद्धिमा जोड दिईने छ

### नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन ः

- फलेवास नगरपालिकाको ११ वटा वडालाई एउटा भूगोल मानी पछाडी पारिएको क्षेत्र, समुदाय, वर्ग र स्थानलाई केन्द्रमा राखि विकासको शुरुवात गरिएको छ । कुनै वर्ष कुन वडामा र अर्को वर्ष अर्को वडाको समस्या, आवश्यकता र सम्भावनालाई हेरी वजेट विनियोजन गरिएको छ । यसको प्रतिफल हाम्रैपालामा अवश्य देखिने छ । जुन वर्ष काम भयो तेहि वर्ष हराएर जाने विकासलाई निरुत्साहित गरिएको छ ।
- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ । ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ । करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ ।
- फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ । सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ ।

- मोटर वाटो निर्माण गर्ने शिलशिलामा अन्य महत्वका भौतिक संरचना विग्रे भत्केको भए निर्माण तथा मर्मत गर्ने योजनामा समावेश गरिने छ । नगरवासीको चाहना, नगरकार्यपालिकाको रोजाई मोटर वाटो भएको हुंदा फराकिलो वनाउने र व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- नगरपालिकाका सवै वडा तथा शाखा कार्यालयहरुको नियमन गर्ने स्थान नगर कार्यपालिकाको मुख्य कार्यालयवाट हुन्छ । वडातहवाट सेवा प्रवाहको कामहरु र वडा स्तरीय अनुगमन हुने गर्दछ । तसर्थ वडा तहवाट हुने सिफारिस र राजश्व असुलीको विवरण सहितको नागरिक वडापत्र राख्दा ठुलो र कार्यालय व्यवस्थापन गर्न कठिन हुने खालको हुन्छ । त्यसैले इलेक्टोनिक खालको राख्ने गरी पूर्व तयारी भै रहेको छ । सम्भव हुने वडा कार्यालयमा व्यवस्थापन गरिने छ ।
- निर्वाचित जनप्रतिनिधिहरुले वडा तहमा समय दिनु पर्छ । वडा तहवाट निर्वाचित भै जिससमा निर्वाचित सदस्यको जिल्ला भरी काम गर्ने भूगोल भएको हुंदा सवै समय यहाँ नदिन पनि सक्ने हुन्छ । तै पनि आफु निर्वाचित भएको स्थानमा समय दिनु नै पर्छ ।
- नगर भित्र ५० शैयाको अस्पताल निर्माण गर्ने गरी लक्ष्य राखिएको छ । यहाँ भएको टेलिमेडिसिन र खानीगाउँमा रहेको धुलीखेल अस्पतालकोलाई कसरी व्यवस्थापन गर्ने र भूगोलको सुगमता र स्थानीय श्रोत साधनको उपलव्धताको आधारमा अस्पताल कहाँ र कसरी वनाउने वारेमा कार्यपालिकामा छलफल गरी निस्कर्षमा पुगिने छ ।
- भूकम्पले क्षति पुगेका घरहरुको निर्माणमा प्रक्रिया पुगेका घरलाई नियमित रुपमा सिफारिस गरिएको छ । भूकम्प प्राधिकरण अन्तर्गत नगरमा रहेका प्राविधिकहरुले नियमित अनुगमन र रेखदेख गरेका छन । उनीहरुले गरेको मूल्यांकनका आधारमा प्राधिकरणमा नियमित सिफारिस गरिएको छ । कुनै घरहरु छुट भएको भए पुन अनुगमन गरी सिफारिस गरिने छ ।
- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ ।
- ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ । करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ ।
- नगरपालिकामा उत्पादन गरेका कृषि वस्तुको वजारीकरणकोलागि सहकारी मार्फत अगाडी वढाउने गरी सम्झौता भएको छ । वजारीकरणमा नगरको साझेदारी हुने छ ।
- वडा भित्र रहेका समस्याहरु वडा समितिको प्राथमिकताका आधारमा समाधान गर्दै जाने र वडा तथा वस्ती स्तरका समस्याहरु नगर कार्यपालिकाको वैठकमा छलफल गरी अगाडी वढाईने छ ।

## कार्यक्रमका सवल पक्ष :

- उत्साहजनक उपस्थिती
- कार्यक्रम समयमा नै शुरुवात
- कार्यक्रमको वारेमा सवै पक्षवाट प्रशंसा
- अधिकांस नगरवासीवाट सुझाव, सल्लाह तथा गुनासो व्यक्त
- नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको उपस्थितीले कार्यक्रमको महत्व वढेको
- गत वर्ष नगरवाट संचालित कार्यक्रमको नगरवासीलाई जानकारी गराउने अवसर मिलेको
- गुनासाहरु सुन्ने अवसर प्राप्त
- नगरवासीहरुको सुझाव र सल्लाह ग्रहण गर्ने उपयुक्त समय मिलेको
- नगरका प्रमुख व्यक्तित्वहरु वडा तहमा पुगी अन्तरक्रिया गर्ने अवसर मिलेको

## सुधार गर्नु पर्ने पक्ष एवं सिकाई :

- धेरै भन्दा धेरै उपस्थित गराउने गरी घोक वा अन्य माध्यमवाट प्रचार प्रसार गर्नु पर्ने
- कार्यक्रममा शाखा प्रमुखहरु समेत सहभागी हुनु पर्ने ।
- एक दिनमा एक वटा वडा मात्र राख्दा प्रभावकारी हुने ।
- मौषमको ख्याल गरी भाद्र १५ पछि राख्दा उपयुक्त हुने ।
- वडा तहको प्रस्तुती व्यापक गराउनु पर्ने ।
- विषयगत शाखाको समेत प्रस्तुत राख्दा प्रभावकारी हुने ।
- शसर्त तर्फको कार्यक्रमको तयारी कम भएको हुंदा विषयगतमा समेटी राख्नु पर्ने ।
- अन्य निकाय र संघसंस्थाले गरेका कार्यक्रम समेत समेटी प्रस्तुती गर्नु पर्ने ।
- सम्भव भए सम्म प्रोजेक्टर मार्फत प्रस्तुती गर्दा प्रष्ट पार्न सजिलो हुने ।

# कार्यक्रमका फोटाहरु




फ.न.पा ७ मा नगरवासीका गुनासो सम्वोधन गर्दै प्रमुख पदमपाणी शर्मा



फ.न.पा ३ मा उपप्रमुख मञ्जु अधिकारीद्वारा गुनासा सम्वोधन गर्दै



नगर प्रमुखद्धारा कुर्घामा फलेवासको विकासको मोडल वताउदै



फ.न.पा ४ मा गुनासा सम्वोधन गर्दै प्र.प्र.अ. मोतीराम सापकोटा



फनपा ७ का जेष्ठनागरिक दोर्णराज पन्तद्धारा गुनासो राख्दै




फ.न.पा ८ ठानामौलामा उपप्रमुख मञ्जु अधिकारीद्वारा कार्यक्रम प्रस्तुत गर्दै



फनपा १ कार्किनेटामा फलेवासको दृष्टीकोण वनाउदैं नगर प्रमुख



फनपा ६ आएका जिज्ञासाहरुको सम्वोधन गर्दै नगर प्रमुख

## वडा नं. १ कार्कीनेटा

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल श्रावण २८ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम
स्थान : फलेवास नगरपालिका वडा नं. १ कार्कीनेटा पर्वत पर्वत (वडा कार्यालयको हल)

**कार्यक्रमको विवरण :**

अध्यक्षता : श्री वावुराम शर्मा नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. १
कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय
आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख
श्री मोतीराम शर्मा : प्रमुख प्रकाशकीय अधिकृत
श्री कमला श्रेष्ठ : नगर कार्यपालिका सदस्य
श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक
श्री कमल गौतम : सूचना अधिकृत
नगर सभा सदस्यज्यू

उपस्थिती :

ने.क.पा. का नेताहरु
नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि
वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु
विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु
टोल विकास संस्थाका पदाधिकारीहरु
सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु
सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु
उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | व्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| ११ | ५४ | ६५ | ९ | २ | ५४ | २ |

**कार्यक्रम :**

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष वावुराम शर्मा
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : पारश शर्मा
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : प्रमुख प्रशासकीय अधिकृत मोतीराम सापकोटा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

**अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र**

- नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- न्यायीक क्षेत्र
- चालु आ.व.को निति तथा कार्यक्रम
- समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या :**

**१७ जना (१३ जना पुरुष र ४ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा :**

- शुरुवातमा नै मोटर वाटोको मापदण्ड तोकिनु ।
- गुरु योजना तयार गरी काम थालनी गर्नु ।
- समग्र नगरको विकासलाई एकद्धार प्रणालीवाट विकास थालनी गर्नु ,
- विद्युतका काठेपोललाई फलाम तथा स्टीलका पोलमा रुपान्तरण गर्ने गरी थालनी गर्नु ।
- कक्षा एकवाट सवै विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन शुरुवात गर्नु ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु ः**

- मोटर वाटो फराकिलो वनाउदा खेतवारीमा पहिरो गएको ।
- घरगोठ क्षति पुगेकोलाई क्षतिपुर्ति दिनु पर्ने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- भूकम्पको दोश्रो किस्ता कहिले आउछ ।
- यस वर्ष करको दर वढेको सुनिएको छ ।
- राहातका कार्यक्रम वडा तहवाट संचालन गर्न सके सहज हुने थियो ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन ः**

- फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ । सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ ।
- फलेवास नगरपालिकाको ११ वटा वडालाई एउटा भूगोल मानी पछाडी पारिएको क्षेत्र, समुदाय, वर्ग र स्थानलाई केन्द्रमा राखि विकासको शुरुवात गरिएको छ । कुनै वर्ष कुन वडामा र अर्को वर्ष अर्को वडाको समस्या, आवश्यकता र सम्भावनालाई हेरी वजेट विनियोजन गरिएको छ । यसको प्रतिफल हाम्रैपालामा अवश्य देखिने छ । जुन वर्ष काम भयो तेहि वर्ष हराएर जाने विकासलाई निरुत्साहित गरिएको छ ।
- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ । ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ । करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ ।
- पहिलो वर्ष भएको हुंदा मोटरवाटो खन्ने र फराकिलो वनाउने शिलशिलामा केहि ठाउँमा पहिरो गएको छ । केहि घरहरु जोखिममा परेका छन । जोखिममा परेका घरलाई संरक्षण गर्न विपत व्यवस्थापन कोषवाट कार्यक्रम अगाडी वढाईएको छ । जहां खानेपानी तथा सिंचाईका योजना विगार पारेको छ त्यस स्थानमा पाईप तथा अन्य प्रविधिवाट समाधान गरिएको छ ।
- स्थानीय वडावासीले राखेका मागको वारेमा नगरकार्यपालिकाको वैठकमा छलफल गरी कार्यान्वयन गरिने छ ।
- भुकम्पको दोश्रो किस्ता पाउने अवस्थामा पुगेका तर नपाएको घरपरिवारको तथ्यांक हेरी पहल गरिने छ ।

**कार्यक्रम समापन ः**

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन ।

# वडा नं. २ थापाठाना

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल श्रावण २८ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान : फलेवास नगरपालिका वडा नं. २ थापाठाना, पर्वत (वडा कार्यालयको हल)

कार्यक्रमको विवरण :

अध्यक्षता : श्री गंगानारायण श्रेष्ठ, नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. २, थापाठाना

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख

श्री मोतीराम शर्मा : प्रमुख प्रकाशकीय अधिकृत

श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक

श्री कमल गौतम : सूचना अधिकृत

नगर सभा सदस्यज्यू

उपस्थिती :

ने.क.पा. का नेताहरु

नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि

वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु

विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु

टोल विकास संस्थाका पदाधिकारीहरु

सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु

सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु

उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | व्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| १० | ५३ | ६३ | २ | २१ | ४० | ० |

**कार्यक्रम :**

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष गंगानारायण श्रेष्ठ
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने नीति तथा कार्यक्रम प्रकाश : पारश शर्मा
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : प्रमुख प्रशासकीय अधिकृत मोतीराम सापकोटा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

## अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र

- ○ नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- ○ पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- ○ न्यायीक क्षेत्र
- ○ चालु आ.व.को निति तथा कार्यक्रम
- ○ समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या ः**

**१४ जना (११ जना पुरुष र ३ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रशंसा ः**

- ○ फलेवास नगरपालिकालाई प्रदेशको राजधानी जोड्ने गरी काम गर्नु ।
- ○ थोरै मोटरवाटो छनौट गरी फराकिलो पार्नु ।
- ○ शुरुवातमा नै मोटर वाटोको मापदण्ड तोकिनु ।
- ○ गुरु योजना तयार गरी काम थालनी गर्नु ।
- ○ समग्र नगरको विकासलाई एकद्धार प्रणालीवाट विकास थालनी गर्नु ,
- ○ कक्षा एकवाट सवै विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन शुरुवात गर्नु ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु ः**

- ○ वालमैत्री नगर घोषणा गर्ने तर्फ योजना वन्नु पर्ने ।
- ○ शिक्षक समायोजना गर्दा भौगोलिक अवस्था र पछाडी पारिएको वर्गलाई ध्यान दिनु पर्ने ।
- ○ मोटर वाटो फराकिलो वनाउदा खेतवारीमा पहिरो गएको छ जाली र नालीसंगै भएमा राम्रो हुने ।
- ○ वर्षा याममा पूर्वाधार विकासको काम नगर्ने गरी नीति तर्जुमा होस ।
- ○ भूकम्पको दोश्रो किस्ता ढिलो सम्म पनि नआएको हुंदा पहल गरियोस ।
- ○ यस वर्ष करको दर वढेको सुनिएको छ विपन्न र कृषकहरुको उत्पादनलाई कर नलगाईयोस ।
- ○ असिना पिडितको राहात वितरणमा कमि कम्जोरी भएको हुंदा आगामी दिनमा पूर्व तयारी गरेर वितरण गरियोस ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन ः**

- फलेवास नगरपालिकालाई सभ्य नगरपालिका निर्माण गर्न नगर कार्यपालिका निरन्तर लागि रहेको छ। पूर्ण साक्षर र पूर्ण खोपयुक्त नगर निर्माण गरि घोषणा भएको छ। अव नगरलाई वालमैत्री, अपांगता मैत्री, जेष्ठनागरिक मैत्री, पुर्ण सरसफाईयुक्त, उज्यालो नगर निर्माणकालागि पहल गरिने छ।
- नगरमा गुणस्तरीय शिक्षाकालागि थोरै विद्यार्थी भएको ठाउँवाट धेरै विद्यार्थी भएको विद्यालयमा शिक्षक सरुवा गरिएको छ। पठन पाठन राम्रो होस भन्ने अभिप्रायले यो काम गरिएको हो। आगामी दिनमा पनि यो अभ्यासलाई निरन्तरता दिईने छ।
- फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ। सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ।
- फलेवास नगरपालिकाको ११ वटा वडालाई एउटा भूगोल मानी पछाडी पारिएको क्षेत्र, समुदाय, वर्ग र स्थानलाई केन्द्रमा राखि विकासको शुरुवात गरिएको छ। कुनै वर्ष कुन वडामा र अर्को वर्ष अर्को वडाको समस्या, आवश्यकता र सम्भावनालाई हेरी वजेट विनियोजन गरिएको छ। यसको प्रतिफल हाम्रैपालामा अवश्य देखिने छ। जुन वर्ष काम भयो तेहि वर्ष हराएर जाने विकासलाई निरुत्साहित गरिएको छ।
- चालु आर्थिक वर्ष देखि जेष्ठ १५ पछि विग्रिने गरी पूर्वाधार विकासका काम अगाडी वढाईने छैन। चैत्र मसान्त पछि पूर्वाधारका योजना सम्झौता नगर्ने र जेष्ठ महिना भित्र फरफारक हुने गरी कार्यपालिकामा छलफल गरी नीति ल्याईने छ।
- पहिलो वर्ष भएको हुंदा मोटरवाटो खन्ने र फराकिलो वनाउने शिलशिलामा केहि ठाउँमा पहिरो गएको छ। केहि घरहरु जोखिममा परेका छन। जोखिममा परेका घरलाई संरक्षण गर्न विपत व्यवस्थापन कोषवाट कार्यक्रम अगाडी वढाईएको छ। जहां खानेपानी तथा सिंचाईका योजना विगार पारेको छ त्यस स्थानमा पाईप तथा अन्य प्रविधिवाट समाधान गरिएको छ।
- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ। विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ। अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ। ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ। करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ।
- भुकम्पको दोश्रो किस्ता पाउने अवस्थामा पुगेका तर नपाएको घरपरिवारको तथ्यांक हेरी पहल गरिने छ।

**कार्यक्रम समापन ः**

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन

# वडा नं. ३ शंकरपोखरी

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल श्रावण २७ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान : फलेवास नगरपालिका वडा नं. ३ शंकरपोखरी पर्वत (वडा कार्यालयको खुला मैदान)

कार्यक्रमको विवरण :

अध्यक्षता : श्री अर्जुन वहादुर के.सी. नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. ३

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री मञ्जु अधिकारी : नगर उपप्रमुख
श्री मोतीराम शर्मा : प्रमुख प्रकाशकीय अधिकृत
श्री शेर वहादुर सुनार : नगर कार्यपालिका सदस्य
श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक
श्री कमल गौतम : सूचना अधिकृत
नगर सभा सदस्यज्यू
पत्रकार : श्री शंकर शर्मा, स्टेसन मैनेजर, रेडियो पर्वत

उपस्थिती : ने.क.पा. का नेताहरु
नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि
वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु
विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु
टोल विकास संस्थाका पदाधिकारीहरु
सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु
सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु
उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | व्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| १८ | ५६ | ७४ | २१ | १ | ५२ | ० |

**कार्यक्रम :**

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष वावुराम शर्मा
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : पारश शर्मा
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : प्रमुख प्रशासकीय अधिकृत मोतीराम सापकोटा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

**अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र**

- नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- न्यायीक क्षेत्र
- चालु आ.व.को निति तथा कार्यक्रम
- समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या :**

**२१ जना (१६ जना पुरुष र ५ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा :**

- वोरिङ्गवाट जमिन मुनिको पानी निकाल्न पहल गरिएको ।
- नगरको समग्र एकिकृत विकास अवलम्वन गरिएको
- शुरुवातमा नै मोटर वाटोको मापदण्ड तोकिनु ।
- विद्युतका काठेपोललाई फलाम तथा स्टीलका पोलमा रुपान्तरण गर्ने गरी थालनी गर्नु ।
- कक्षा एकवाट सवै विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन शुरुवात गर्नु ।
- आवश्यकताका आधारमा योजनालाई प्राथमिकता दिनु ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु ः**

- पुर्कोट क्षेत्रलाई विकासमा पछाडी पारिएको ।
- टोल सुधार समिति गठन मात्र भएको जिम्मेवारी नतोकिएको ।
- स्वास्थ्य संस्थामा औषधी अभाव भएको ।
- वडाको केन्द्रमा मदिरा विक्रि वितरण वढेको, झैझगडामा वृद्धि भएको हुंदा प्रहरी चौकीको माग
- मैदानमा मोटर वाटो फराकिलो वनाउदा घर वस्ती जोखिममा परेको ।
- वैंक तथा वित्तिय संस्थाको ऋणमा व्याज वढि भएको ।
- एकिकृत सम्पती कर दोहोरो तेहोरो भएको ।
- अपांगता सम्वन्धी कार्यक्रम संचालन नगरिएको ।
- गुरु योजना निर्माण छिटो भई योजनावद्ध विकास हुनु पर्ने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- भूकम्पको दोश्रो किस्ता कहिले आउछ ।

**प्रमुख प्रशासकीय अधिकृत मोतीराम सापकोटावाट नगरवासीका कार्यालय सम्वन्धी जिज्ञासा र गुनासा समाधान**

- नगरकार्यपालिकाको कार्यालयवाट हुने अधिकांस कामहरु वडा कार्यालयहरुवाट सेवा प्रदान गरिएको छ ।
- नगरमा कर्मचारीहरु न्युन भएको हुंदा विहान देखि सांझ सम्म कर्मचारीहरुलाई काम सम्पादन गरिएको छ ।
- नगरवाट सेवा प्रवाह गर्दा पहिलो आउने सेवाग्राहीलाई पहिलो प्राथमिकता दिईएको छ ।
- थोरै श्रोत साधन छ तर नगरवासीको आवश्यकता धेरै छ त्यसैले प्राथमिकताका आधारमा काम अगाडी वढाएका छौं
- वडा कार्यालयलाई प्रविधि मैत्री एवं सेवाग्राहि मैत्री वनाएर नगरवासीलाई सेवा दिने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**नगर उपप्रमुख मञ्जु अधिकारीवाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन ः**

- दलित तथा विपन्नहरुको वसोवास रहेको वस्तीलाई नगरको विकासको प्राथमिकतामा राखि कार्यक्रम अगाडी वढाउने ।
- वस्ती तथा लक्षित समुदायका मागहरु वडा समिति मार्फत नगर कार्यालयमा पठाउनु हुन सुझाव छ ।
- स्वास्थ्य केन्द्रमा औषधी व्यवस्थापन नगरवाट भैई रहेको छ र कुनै औषधी अभाव भएमा नगर स्वास्थ्य शाखामा सम्पर्क गरी व्यवस्थापन गरिने छ ।
- लक्षित, कला संस्कृतीको संरक्षणका कार्यक्रमहरु रहेका छन र पहिलो चौमासिकमा कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ ।

- एकिकृत सम्पती कर सवै पालिकाहरुले लगाउने तयारी गरेका छन हामी पनि शुरु गरेका छौ । विपन्न र श्रोत विहिन घरपरिवारलाई न्युन र आम्दानीका आधारमा कर लिने र नगर कै विकासमा खर्च हुने छ ।
- गुरुयोजनाको निर्माण अन्तिम चरणमा पुगेको र सोहि अनुसार योजना अगाडी वढ्ने हुंदा आगामी दिनमा दिगो विकास हुने गरी कार्यान्वयन हुनेछन ।
- भुकम्पवाट वनेका घरको विवरण प्राधिकरणमा पेश गरिएको छ । दोश्रो किस्ता नलिएका परिवारकोलागि नियमसंगत तरिकाले पाउने रकमकालागि पहल गरिने छ ।
- फलेवास नगरपालिकावाट चालु आ.व.मा समय समयमा योजनाको अनुगमन गरिने छ ।
- राम्रो काम गर्नेलाई प्रोत्साहन गरिने छ र कमिकम्जोरी हुन नदिन पहल गरिने छ ।
- नगरमा न्याय सम्पादनकालागि आएका निवेदनको समयमा नै छानविन नगरवासीलाई नयाँको प्रत्याभूती दिईने छ ।
- राजश्व दर भन्दा दायरा फराकिलो वनाईने छ र नगरको आन्तरिक आम्दानी वृद्धिमा जोड दिईने छ ।

**कार्यक्रम समापन** ः

आएका जिज्ञासाहरुलाई मेटाउदै वडाध्यक्ष अर्जुन वहादुर कार्कीवाट कार्यक्रम समापन ।

वडा नं. ४ मुडिकुवा

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल श्रावण २५ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान : फलेवास नगरपालिका वडा नं. ४ मुडिकुवा पर्वत (वडा कार्यालयको हल)

**कार्यक्रमको विवरण :**

अध्यक्षता : श्री टिकाराम गौंडेल नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. ४

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख

श्री मञ्जु अधिकारी : नगर उपप्रमुख

श्री मोतीराम शर्मा : प्रमुख प्रकाशकीय अधिकृत

श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक

श्री कमल गौतम : सूचना अधिकृत

नगर सभा सदस्यज्यू

पत्रकार : श्री शंकर शर्मा, स्टेसन मैनेजर र पत्रकार लक्ष्मण सुनार रेडियो पर्वत

उपस्थिती : ने.क.पा. का नेताहरु

नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि

वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु

विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु, टोल विकास संस्थाका पदाधिकारीहरु

सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु

सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु

उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | ब्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| ३६ | ४९ | ८५ | १२ | ० | ७३ | ० |

**कार्यक्रम :**

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष वावुराम शर्मा
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : उपप्रमुख मञ्जु अधिकारी
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : प्रमुख प्रशासकीय अधिकृत मोतीराम सापकोटा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

**अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र**

- ○ नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय)ले दिएको सार्वजनिक सेवा प्रवाह
- ○ पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- ○ न्यायीक क्षेत्र
- ○ चालु आ.व.को निति तथा कार्यक्रम
- ○ समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या ः**

**१३ जना (११ जना पुरुष र २ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा ः**

- ○ वडा कार्यालयवाट दिईएको सेवा प्रशंसनीय रहेको छ अझै प्रविधिमैत्री वनाउन जोड ।
- ○ शुरुवातमा नै मोटर वाटोको मापदण्ड तोकिनु ।
- ○ गुरु योजना तयार गरी काम थालनी गर्नु ।
- ○ समग्र नगरको विकासलाई एकद्धार प्रणालीवाट विकास थालनी गर्नु ,
- ○ कक्षा एकवाट सवै विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन शुरुवात गर्नु ।
- ○ नगरलाई सडक सञ्जालले जोड्ने गरी वाहिरी र भित्री चक्रपथको अवधारणाका साथ अगाडी वढ्नु ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु ः**

- ○ योजना सम्पन्न हुने गरी वजेट विनियोजना गर्न ।
- ○ महारोगीहरुलाई नगरवाट केहि राहातका कार्यक्रम भएमा राम्रो हुने ।
- ○ नगरको प्रवेश मार्ग मल्यांदी घुईनउला फलेवास सडकको स्तर वृद्धि गर्न ।
- ○ वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- ○ यस वर्ष करको दर वढेको सुनिएको छ ।
- ○ लिफ्ट सिंचाईलाई जोड दिनु पर्ने ।
- ○ एक घर एक धारा खानेपानी योजना प्रभावकारी रुपमा अगाडी वढाउनु पर्ने ।
- ○ समाजवाद उन्मुख विकास प्रक्रिया र युवा वर्गलाई नैतिक शिक्षालाई समेत जोड दिनु पर्ने ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन :**

- फलेवास नगरपालिकाले योजना छनौट गर्दा वजेट थोरै राखे पनि काम गर्दै जांदा योजना सम्पन्न हुने गरी वजेट शंसोधन गरी उपलव्ध गराईएको छ ।
- नगरमा विपत व्यवस्थापन नीति पारित भएको हुंदा विपतमा परेका, कडा रोगलागी उपचार गर्न कठिन भएका विपन्न परिवारलाई सहयोग गर्ने गरी कार्यक्रम तय गरिएको छ ।
- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ । ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ । करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ ।
- फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ । सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ ।
- फलेवास नगरपालिकाको ११ वटा वडालाई एउटा भूगोल मानी पछाडी पारिएको क्षेत्र, समुदाय, वर्ग र स्थानलाई केन्द्रमा राखि विकासको शुरुवात गरिएको छ । कुनै वर्ष कुन वडामा र अर्को वर्ष अर्को वडाको समस्या, आवश्यकता र सम्भावनालाई हेरी वजेट विनियोजन गरिएको छ । यसको प्रतिफल हाम्रैपालामा अवश्य देखिने छ । जुन वर्ष काम भयो तेहि वर्ष हराएर जाने विकासलाई निरुत्साहित गरिएको छ ।
- एक घर एक धारा निर्माणको अभियानलाई सहकार्य र साझेदारीमा अगाडी वढाईने छ ।
- स्थानीय वडावासीले राखेका मागको वारेमा नगरकार्यपालिकाको वैठकमा छलफल गरी कार्यान्वयन गरिने छ ।

**कार्यक्रम समापन :**

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्वारा कार्यक्रम समापन गर्नु भयो ।

## वडा नं. ५ खानीगाउँ

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल भाद्र २ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान :फलेवास नगरपालिका वडा नं. ५ खानीगाउँ पर्वत (वडा कार्यालय अगाडीको खुला मञ्च र नगर सभाहल)

कार्यक्रमको विवरण :

अध्यक्षता : श्री दिपक शर्मा पौडेल नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. ५

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख
श्री मञ्जु अधिकारी : नगर उपप्रमुख
श्री नेत्र वि.क. : नगर कार्यपालिका सदस्य
श्री केश कुमारी परियार : नगर कार्यपालिका सदस्य
श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक
नगर सभा सदस्यज्यू
पत्रकार : श्री शंकर शर्मा, स्टेसन मैनेजर, रेडियो पर्वत

उपस्थिती :

ने.क.पा. का नेताहरु
नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि
वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु
विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु
टोल विकास संस्थाका पदाधिकारीहरु
सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु
सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु
उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

**सहभागी संख्या तथा विवरण**

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | व्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| १८ | ५६ | ७४ | ७ | ४ | ६३ | ० |

**कार्यक्रम :**

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष दिपक शर्मा पौडेल
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : उपप्रमुख मञ्जु अधिकारी
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : पारश शर्मा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

**अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र**

○ नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय)ले दिएको सार्वजनिक सेवा प्रवाह
○ पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
○ न्यायीक क्षेत्र
○ चालु आ.व.को निति तथा कार्यक्रम
○ समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या :**

**३१ जना (२१ जना पुरुष र १० जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा :**

○ नगर स्तरीय साझा योजनाको शुरुवात
○ कालीगण्डकी वहुउद्देश्यीय परियोजनाको पहल
○ शुरुवातमा नै मोटर वाटोको मापदण्ड तोकिनु ।
○ गुरुयोजना तयार गरी काम थालनी गर्नु ।
○ नगरलाई सडक सञ्जालले जोड्ने गरी वाहिरी र भित्री चक्रपथको अवधारणाका साथ अगाडी वढ्नु ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु ः**

- दोविल्ला फलेवास पिप्ले लमायखोला लुंखु सडको गुणस्तर कम रहेको ।
- गुणस्तरीय शिक्षाका साथ नैतिक शिक्षा संचालन गर्नु पर्ने
- चक्रपथलाई नियमित संचालन हुने गरी काम गर्नु पर्ने ।
- अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- पूर्ण सरसफाईको घोषणालाई टिकाउ वनाउन थप कार्यक्रम संचालन गर्नु पर्छ ।
- स्वरोजगार कार्यक्रम संचालन गर्दा घरमा रोजगार नभएको घरलाई प्राथमिकता दिनु पर्ने ।
- महारोगीहरुलाई नगरवाट केहि राहातका कार्यक्रम भएमा राम्रो हुने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- यस वर्ष करको दर वढेको विषयमा के के वढेको छ जानकारी पाउँ ।
- मोटर वाटो निर्माण गर्दा भत्केका संरचना निर्माणमा ध्यान दिनु पर्ने ।
- न्यायीक समितिमा परेका उजुरीहरुको छिटो छिटो छानविन र फैसला होस ।
- स्थानीय संचार माध्यमको सवलीकरणका कार्यक्रमलाई वढि जोड दिइयोस ।
- विद्यालयको अनुगमन प्रभावकारी ढंगले होस ।
- मदिरा सेवन र विक्रि वितरणमा नियमन गर्नु पर्ने ।
- अन्य वडाको तुलनामा यस वडामा वजेट कम परेको
- शिक्षकको दरवन्दी मिलान गर्दा मापदण्डका आधारमा गरियो या गरिएन ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन ः**

- दोविल्ला फलेवास लमाय खोला लुंख देउराली सडकको अनुगमन समय समय भएको छ । ठेकेदार र प्राविधिक कार्यालयका प्रतिनिधिहरु विच छलफल र सुझाव दिइएको छ । नगरपालिकाले भन्दा जिल्ला प्राविधिक कार्यालय मार्फत प्राविधिक अनुगमन हुने भएको हुंदा समय समयमा सजग गराउने काम भएको छ ।
- नगर भित्र गुणस्तरीय शिक्षा, अग्रेंजी माध्यममा शिक्षा र साथमा व्यवशायीक शिक्षालाई समेत अगाडी वढाउने खालको शिक्षा अगाडी सारिएको छ ।
- फलेवासलाई ३ वटा चक्रपथ (वाहिरी, भित्री र सेन्टर) जोड्ने गरी यसै आ.व.मा ट्याक ओपन गरिने छ । सेन्टर चक्रपथमा वाह्रै महिना नियमित गाडी चल्ने गरी यसै आ.व.मा काम हुने छ ।
- नगरमा विपत व्यवस्थापन नीति पारित भएको हुंदा विपतमा परेका, कडा रोगलागी उपचार गर्न कठिन भएका विपन्न परिवारलाई सहयोग गर्ने गरी कार्यक्रम तय गरिएको छ ।
- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ ।

- ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ। करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ।
- फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ। सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ।
- फलेवास नगरपालिकाको ११ वटा वडालाई एउटा भूगोल मानी पछाडी पारिएको क्षेत्र, समुदाय, वर्ग र स्थानलाई केन्द्रमा राखि विकासको शुरुवात गरिएको छ। कुनै वर्ष कुन वडामा र अर्को वर्ष अर्को वडाको समस्या, आवश्यकता र सम्भावनालाई हेरी वजेट विनियोजन गरिएको छ।
- न्यायिक समितिमा आएका उजुरी, गुनासा र निवेदनहरुलाई नगरको न्यायिक समितिको क्षेत्रभित्र पर्ने निवेदनलाई तत्काल सम्वोधन हुने संस्थागत संरचना व्यवस्थापन गरिने छ। अदालती प्रक्रियामा जाने निवेदनलाई सम्वन्धीत क्षेत्रमा नियमानुसार पठाईने छ। मेलमिलाप गर्नु पर्ने देखिएका निवेदनहरुलाई स्थानीय वडा तथा टोल विकास संस्था र मेलमेलाप केन्द्रमा पठाईने छ।
- अनुमगन कार्यलाई प्रभावकारी वनाउन नीतिगत व्यवस्था गरिएको छ। नियमित रुपमा अनुगमन हुने वातावरण सृजना गरिने छ। अनुगमनको रिपोर्टको आधारमा गुणस्तर, कामको प्रभावकारीतालाई थप मज्वुद गराउने छौं।
- नगरपालिकाको मुकाम यसै वडा भएको हुंदा यहाँका नगरवासीहरु संयम, अनुसाशन, सरसफाई, अतिथि सत्कार, सभ्य वातावरण, वाहिरवाट आउनेलाई सोधखोज, मेलमिलाप र फलेवासको पहिचान दिने, सकरात्मक सन्देश दिने, फलेवासीको भावना समेटिने खालको संस्कार दिने व्यवहार गरी सवै वडालाई एउटै मालामा गाँस्न अपिल गर्दछौं।

**कार्यक्रम समापन :**

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन गर्नु भयो।

वडा नं. ६ देविस्थान

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल भाद्र २ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान : फलेवास नगरपालिका वडा नं. ६ देविस्थान पर्वत (श्री पर्वत वहुमुखी क्याम्पसको सभाहल)

कार्यक्रमको विवरण :

अध्यक्षता : श्री भोला भुसाल नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. ६

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख

श्री मञ्जु अधिकारी : नगर उपप्रमुख

श्री निर्मला भुसाल : नगर कार्यपालिका सदस्य

श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक

नगर सभा सदस्यज्यू

पत्रकार : श्री शंकर शर्मा, स्टेसन मैनेजर, रेडियो पर्वत

उपस्थिती :

ने.क.पा. का नेताहरु

नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि

वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु

विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु

टोल विकास संस्थाका पदाधिकारीहरु

सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु

सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु

उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | ब्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| ३२ | ९८ | १३० | १२ | २७ | ९१ | ० |

**कार्यक्रम :**

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष भोला भुसाल
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : उपप्रमुख मन्जु अधिकारी
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : पारश शर्मा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

**अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र**

- नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- न्यायीक क्षेत्र
- चालु आ.व.को निति तथा कार्यक्रम
- समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या** ः

**१८ जना (१२ जना पुरुष र ७ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा** ः

- भौगोलिक रुपमा कठिन अवस्थामा रहेको फलेवास नगरपालिकाको एकिकृत विकास अवधारण राम्रो छ ।
- पहिलाको गाविसमा भन्दा नगरपालिका हुंदा देविस्थानमा वजेट वडि आएको ।
- योजना कार्यान्वयन प्रभावकारी र देखिने गरी भएको
- कालीगण्डकीलाई केन्द्रमा राखेर फलेवासको विकासको सपना देखिनु
- शुरुवातमा नै मोटर वाटोको मापदण्ड तोकिनु ।
- फलेवासका सवै वडालाई एउटै मालाको रुपमा जोडन सडक सञ्जालको रुपमा वाहिरी, भित्री र सेन्टर चक्रपथको अवधारणा ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु :**

- जैमुनी कार्कीनेटा मोटरवाटोको ढल निकास र नाली संगसंगै वनाउनु पर्ने ।
- दोविल्ला फलेवास ढिक मोटर वाटोको पिच गर्ने योजना के भएको छ ।
- फलेवासको सिंचाई योजनाको काम के हुंदै छ ।
- फलेवास नगरपालिकाको केन्द्र (मुकाम) कहाँ हो तोक्नु पर्छ ।
- खानेपानी एक घर एक धारा कहाँ काम हुंदैछ ।
- डोजर जलाएको अनुसन्धान के भएको छ ।
- जेष्ठ नागरिक परिचय पत्रले सार्वजनिक सेवामा सुविधा पाएका छैनन् ।
- कालिगण्डकी लोक मार्गको काम के भएको छ ।
- वरपिपल, पोखरी संरक्षणमा ध्यान जानु पर्छ दिगो विकास हर्नु पर्छ ।
- फोहोर व्यवस्थापनको लागि समयमा नै स्थान छनौट होस ।
- अस्पतालको क्षेत्र छनौट र शुरुवात समयमा नै गर्नु पर्छ ।
- एम्वुलेन्स चल्ने गरी तत्काल सडक मर्मत गर्नु पर्छ ।
- माझि गाउँको विद्यालयमा घटेको घटनाका पिडितलाई सहानुभूति दिईयोस ।
- भूकम्पको दोश्रो किस्ताको लागि थप पहल गर्नु पर्ने देखिन्छ ।
- चक्रपथलाई नियमित संचालन हुने गरी काम गर्नु पर्ने ।
- अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- स्थानीय संचार माध्यमको सवलीकरणका कार्यक्रममा वजेट देखिएन ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन :**

- फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ । सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ ।
- पहिलो वर्ष मापदण्ड अनुसार मोटर वाटो फराकिलो पार्ने काम भएको छ । पहिलो वर्ष वर्षा याममा पहिरो खस्ने वढि हुने भएको हुंदा दोश्रो वर्षवाट वाटो संरक्षण गर्ने, नाली वनाउने, जाली भर्ने जस्ता कार्य भै तेश्रो वर्ष सम्म सवै महिना नियमित रुपमा गाडी चल्न सक्ने गरी काम गर्ने योजना रहेको छ ।
- दोविल्ला फलेवास सडक संघीय सरकारको कार्यक्रममा पिचमा परेको थियो । तर फलेवास खण्डमा काम हुन सकेन यस विषयमा फलेवासवाट डिभिजन सडक र मन्त्रालयमा समेत डेलीगेसन गएका थियौं । आगामी वर्ष अगाडी वढ्ने आश्वासन मिलेको छ । नियमित गाडी चल्न सक्ने गरी नगर विकास कोषवाट खाल्डाहरु पुरी गाडी चल्ने वनाईको छ ।
- फलेवासलाई सुन्दर शान्त र रमणीय नगरको रुपमा विकास गर्ने गरी गुरु योजना तयार हुंदै छ । गुरु योजनाले तय गरेको मार्गदर्शन अनुसार, गुणस्तरीय शिक्षा, स्वास्थ्य, एक घर एक रोजगार,

एक घर एक धारा, फोहोर व्यवस्थापन स्थल, सवैलाई पायक र उपयुक्त स्थानमा नगरको केन्द्र, ५० शैयाको अस्पताल वनाउने लक्ष्यको अस्पताल, फलेवास क्षेत्रमा ३ वटा चक्रपथ निर्माण, कालिगण्डकी वहुउद्देश्य परियोजनाको पहल भै रहेको छ । फलेवास नगर कार्यपालिकाले नमुना नगरपालिका निर्माण गर्न र दीगो विकास हुने गरी कार्यक्रम अगाडी वढाएको छ र उपयुक्त कार्यक्रमहरुलाई निरन्तरता दिने छ ।

- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ । ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ । करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ ।
- फलेवास नगरपालिकाको ११ वटा वडालाई एउटा भूगोल मानी पछाडी पारिएको क्षेत्र, समुदाय, वर्ग र स्थानलाई केन्द्रमा राखि विकासको शुरुवात गरिएको छ । कुनै वर्ष कुन वडामा र अर्को वर्ष अर्को वडाको समस्या, आवश्यकता र सम्भावनालाई हेरी वजेट विनियोजन गरिएको छ ।

**कार्यक्रम समापन** ः

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन गर्नु भयो ।

वडा नं. ७ लिमिठाना

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल श्रावण ३० गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम
स्थान : फलेवास नगरपालिका वडा नं. ७ लिमिठाना, पर्वत (वडा कार्यालयको सभा हल)

कार्यक्रमको विवरण :
अध्यक्षता : श्री हरिराम रेग्मी नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. ७
कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख
श्री मञ्जु अधिकारी : नगर उपप्रमुख
श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक
श्री कमल गौतम : सूचना अधिकृत
नगर कार्यपालिका सदस्यज्यू
नगर सभा सदस्यज्यू
पत्रकार : श्री शंकर शर्मा, स्टेसन मैनेजर, रेडियो पर्वत

उपस्थिती :

ने.क.पा. का नेताहरु
नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि
वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु
विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु
टोल विकास संस्थाका पदाधिकारीहरु
सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु
सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु
उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | ब्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| १२ | ४० | ५२ | ७ | ० | ४५ | ० |

## कार्यक्रम :

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष दिपक शर्मा पौडेल
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : उपप्रमुख मञ्जु अधिकारी
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : पारश शर्मा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

## अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र

- नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- न्यायीक क्षेत्र
- चालु आ.व.को निति तथा कार्यक्रम
- समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या :**

**२३ जना (१७ जना पुरुष र ६ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा :**

- १२ कक्षा सम्मको अनुमती, व्यवस्थापन र नियमन नगरकार्यपालिकावाट भएको प्रशंसा योग्य काम छ ।
- मोटरवाटको मापदण्ड तोकी दिगो विकास हुने गरी सडक निर्माणको अभियान राम्रो छ ।
- नगरपालिकाको भूगोलको आधारमा जहाँ विकासमा पछाडी परेको छ त्यस क्षेत्रलाई पहिलो प्राथमिकता दिनु राम्रो काम हो ।
- वडा कार्यालयवाट सार्वजनिक सेवाका काम र नगर कार्यालयवाट आर्थिक कारोवारका काम हुंदा प्रभावकारी भएको छ ।
- गुरुयोजना तयार गरी काम थालनी गर्नु ।
- नगरपालिकाले सवै क्षेत्र शिक्षा, स्वास्थ्य, पूर्वाधार, क्षमता विकास, स्वरोजगार, आयआर्जन समेटेको छ ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु ः**

- भूकम्पको जनगुनासो सम्वोधन हुनु पर्छ जनताहरु अन्योलमा रहेका छन । वनाईएका घरहरु सवै पास हुनु पऱ्यो ।
- भूकम्पको आंसिकमा परेका घरको समस्या कहिले समाधान हुन्छ ।
- मोटर वाटोले क्षति पुगेका सिंचाई र खानेपानीको मर्मत हुनु पर्छ ।
- मिनि टेलसको क्षमता कम भएको पाईयो यसमा अनुगमन गर्न जरुरी देखिएको छ ।
- उत्पादनको वजारीकरण कहिले र कसरी हुन्छ सो विषयमा नगर पालिकाको ध्यान जान जरुरी छ ।
- एक गाउँ एक प्राविधिकको भूमिका, जिम्मेवारी तोकिनु पर्छ । अनुगमन समय समयमा हुनु पर्छ
- एक घर एक धारा र साना सिंचाई कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुनु पर्छ ।
- युवा स्वरोजगारका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन हुनु पर्छ ।
- मोटर वाटोको भल निकासका लागि उपलव्ध पाईप वाटोको साईज अनुसारको भएन पुग्ने गरी दिनु पर्छ
- दलित तथा विपन्नलाई आत्म सम्मान हुने खालको व्यवहार हुनु पर्छ । हेला होचोको व्यवहार अन्त्य हुनु पर्छ ।
- विद्यालयमा कम्प्युटर ल्याव चलाउन सोलरको आवश्यकता भएको हुंदा सो को लागि पहल आवश्यक ।
- एकै ठाउँवाट मोटर वाटो र सिंचाई कुलो नमिल्ने भएको हुंदा कि वाटो कि कुलो एक मात्र वनाउनु पर्ने ।
- कुकुरको समयमा नै व्यवस्थापन गर्नु पर्ने । कुकुर पाल्नेले नियमित इन्जेक्सन र घरमा वाँधेर पाल्नु पर्ने ।
- अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- मोटर वाटो निर्माण गर्दा भत्केका संरचना निर्माणमा ध्यान दिनु पर्ने ।
- विद्यालयको अनुगमन प्रभावकारी ढंगले होस ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन :**

- भूकम्पले क्षति पुगेका घरहरुको निर्माणमा प्रक्रिया पुगेका घरलाई नियमित रुपमा सिफारिस गरिएको छ । भूकम्प प्राधिकरण अन्तर्गत नगरमा रहेका प्राविधिकहरुले नियमित अनुगमन र रेखदेख गरेका छन । उनीहरुले गरेको मूल्यांकनका आधारमा प्राधिकरणमा नियमित सिफारिस गरिएको छ । कुनै घरहरु छुट भएको भए पुन अनुगमन गरी सिफारिस गरिने छ ।
- मोटर वाटो निर्माण गर्ने शिलशिलामा अन्य महत्वका भौतिक संरचना विग्रे भत्केको भए निर्माण तथा मर्मत गर्ने योजनामा समावेश गरिने छ । नगरवासीको चाहना, नगरकार्यपालिकाको रोजाई मोटर वाटो भएको हुंदा फराकिलो वनाउने र व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- नगरपालिकामा उत्पादन गरेका कृषि वस्तुको वजारीकरणकोलागि सहकारी मार्फत अगाडी वढाउने गरी सम्झौता भएको छ । वजारीकरणमा नगरको साझेदारी हुने छ ।
- नगर कार्यपालिकाको कार्यालयवाट वितरण गरिएका औजार तथा मेसिनरीहरुमा कुनै कमि कम्जारी भएमा अनुगमन गरिने छ ।
- एक घर एक धारा कार्यक्रमलाई साझेदारीमा अगाडी वढाईने छ भने साना सिंचाई योजनालाई निरन्तरता दिईने छ ।
- नगरमा संचालित सवै कार्यक्रम र विषयगत शाखाको नियमित अनुगमन गर्ने र सवै शाखा कार्यालय र कार्याक्रम नगरकार्यपालिका प्रति जवाफदेहि र नगरवासी प्रति उत्तरदायी हुनु पर्ने ।
- वडा भित्र रहेका समस्याहरु वडा समितिको प्राथमिकताका आधारमा समाधान गर्दै जाने र वडा तथा वस्ती स्तरका समस्याहरु नगर कार्यपालिकाको वैठकमा छलफल गरी अगाडी वढाईने छ ।
- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ । ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ । करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ ।
- फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ । सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ ।
- नगरपालिकामा पछाडी रहेको क्षेत्र, समुदाय, वर्ग र स्थानलाई केन्द्रमा राखि विकासको शुरुवात गरिएको छ । कुनै वर्ष कुन वडामा र अर्को वर्ष अर्को वडाको समस्या, आवश्यकता र सम्भावनालाई हेरी वजेट विनियोजन गरिएको छ ।

**कार्यक्रम समापन :**

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन गर्नु भयो ।

## वडा नं. ८ ठानामौला

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल श्रावण ३० गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान : फलेवास नगरपालिका वडा नं. ८, ठानामौला पर्वत (वडा कार्यालयको सभा हल)

कार्यक्रमको विवरण :

अध्यक्षता : श्री मन वहादुर कुंवर नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. ८

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

- श्री पदमपाणी शर्मा : नगर प्रमुख
- श्री मञ्जु अधिकारी : नगर उपप्रमुख
- श्री नन्द कुमारी गुरुङ्ग : नगर कार्यपालिका सदस्य
- श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक
- श्री कमल गौतम : सूचना अधिकृत
- नगर सभा सदस्यज्यू
- पत्रकार : श्री शंकर शर्मा, स्टेसन मैनेजर, रेडियो पर्वत

उपस्थिती :

- ने.क.पा. का नेताहरु
- नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि
- वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु
- विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु
- टोल विकास संस्थाका पदाधिकारीहरु
- सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु
- सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु
- उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | ब्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| ११ | ६० | ७१ | १६ | ८ | ४७ | ० |

## कार्यक्रम :

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष दिपक शर्मा पौडेल
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : उपप्रमुख मञ्जु अधिकारी
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : पारश शर्मा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

## अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र

- ○ नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- ○ पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- ○ न्यायीक क्षेत्र
- ○ चालु आ.व.को निति तथा कार्यक्रम
- ○ समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या ः**

**१६ जना (१३ जना पुरुष र ३ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा ः**

- ○ दीगो र योजनावद्ध विकासको सुरुवात राम्रो छ ।
- ○ समग्र विकासको गुरुयोजना निर्माण गर्ने कार्यको थालनी हुनु राम्रो हो ।
- ○ नगरपालिकाको सवै भूभागलाई समेटने गरी मोटर वाटो निर्माण कार्य ।
- ○ मोटरवाटको मापदण्ड तोकी दिगो विकास हुने गरी सडक निर्माणको अभियान राम्रो छ ।
- ○ नगरपालिकाले सवै क्षेत्र शिक्षा, स्वास्थ्य, पूर्वाधार, क्षमता विकास, स्वरोजगार, आयआर्जन समेटेको छ ।
- ○ आवश्यकताका आधारमा खानेपानी पाईप र जाली उपलव्ध हुनु ।
- ○ सवै वडामा योजना तर्जुमा, कृषि विकास तथा पशुसेवाका अभियान संचालन ।
- ○ विद्युतको काठेपोललाई फलामेपोलमा रुपान्तरण गर्ने लक्ष्य राम्रो ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु :**

- ○ वडा कार्यालयमा नागरिक वडापत्र र गुनासो पेटिका राख्नु पर्ने ।
- ○ युवा स्वरोजगार र साना सिंचाई योजनाको सूचना वडाका टोल टोलमा जानकारी हुनु पर्ने ।
- ○ जनप्रतिनिधिहरु वडा वाहिर वढि समय दिएको देखिएको हुंदा वडामा समय दिनु पर्ने ।
- ○ युवा तथा खेलकुदमा ध्यान दिनु पर्ने खेलकुद मैदानको स्तरउन्नती र जाली व्यवस्थापनमा सहयोग गर्न आग्रह ।
- ○ चार भञ्जांग समाजद्धारा संचालिक टेलीमेडिसिनलाई नगर स्वास्थ्य अस्पतालको रुपमा विकास गर्न अनुरोध ।
- ○ मोटर वाटो मापदण्ड अनुसार नखनिएको हुंदा घरगोठ वाहेक अन्य ठाउँमा नियमानुसार खन्नु पर्ने ।
- ○ विद्यालयको अनुगमन र गुणस्तरीय शिक्षामा जोड दिनु पर्ने ।
- ○ वाटो निर्माण गर्दा भत्कीएको खानेपानी ट्यांकी, सिंचाई, गोरेटो वाटो निर्माणमा ध्यान दिनु पर्ने ।
- ○ स्वास्थ्य चौकीको जग्गा खरिदमा सवैसंग सरसल्लाह गरी किन्नु पर्ने सो नभएको हुंदा उपयुक्त स्थानमा खरिद हुन नसकि पुन भवन निर्माण गर्ने समयमा समस्या आउन सक्ने ।
- ○ मोटरवाटोको निर्माणको कारण सवै खेतवारी नष्ट भएको कत्ति पनि धान कोदो नरोपेको हुंदा राहातको कार्यक्रममा समावेश गरिदिनु हुन । (रञ्जना देवी सापकोटा ठानामौला)
- ○ भूकम्पको जनगुनासो सम्वोधन हुनु पर्‍यो र आंसिकमा परेका घरको समस्या कहिले समाधान हुन्छ
- ○ उत्पादनको वजारीकरण कहिले र कसरी हुन्छ उत्पादित वस्तुको संकलन कहाँ गर्ने हो वडा वा नगर ।
- ○ अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- ○ वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- ○ टोल विकास संस्थाको भूमिका के हो र जिम्मेवारी के हुन ।
- ○ जनज्योती मा.वि.को लाइव्रेरी कहिले वन्छ । श्रोत कति जम्मा भएको छ कहाँ छ ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन :**

- ○ फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ । सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ ।
- ○ नगरपालिकाका सवै वडा तथा शाखा कार्यालयहरुको नियमन गर्ने स्थान नगर कार्यपालिकाको मुख्य कार्यालयवाट हुन्छ । वडातहवाट सेवा प्रवाहको कामहरु र वडा स्तरीय अनुगमन हुने गर्दछ । तसर्थ वडा तहवाट हुने सिफारिस र राजश्व असुलीको विवरण सहितको नागरिक वडापत्र राख्दा ठुलो र कार्यालय व्यवस्थापन गर्न कठिन हुने खालको हुन्छ । त्यसैले इलेक्टोनिक खालको राख्ने गरी पूर्व तयारी भै रहेको छ । सम्भव हुने वडा कार्यालयमा व्यवस्थापन गरिने छ ।
- ○ साना सिंचाई, युवा स्वरोजगार, प्रविधि विस्तारका कामहरुको सूचना नगरकार्यपालिकाको मुख्य कार्यालयवाट हुने गर्दछ । विभिन्न संचार माध्ययमवाट समेत सूचना हुने र वडातहमा समेत उक्त

सूचना प्रवाह गरिने भएको हुंदा सवै नगरवासीलाई नगरेले गरेका काम र दिईएका सेवाको सुचना पुगोस भन्ने धारणा रहेको छ ।

- निर्वाचित जनप्रतिनिधिहरुले वडा तहमा समय दिनु पर्छ । वडा तहवाट निर्वाचित भै जिससमा निर्वाचित सदस्यको जिल्ला भरी काम गर्ने भूगोल भएको हुंदा सवै समय यहाँ नदिन पनि सक्ने हुन्छ । तै पनि आफु निर्वाचित भएको स्थानमा समय दिनु नै पर्छ ।
- मोटर वाटो निर्माण गर्ने शिलशिलामा अन्य महत्वका भौतिक संरचना विग्रे भत्केको भए निर्माण तथा मर्मत गर्ने योजनामा समावेश गरिने छ । नगरवासीको चाहना, नगरकार्यपालिकाको रोजाई मोटर वाटो भएको हुंदा फराकिलो वनाउने र व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- नगर भित्र ५० शैयाको अस्पताल निर्माण गर्ने गरी लक्ष्य राखिएको छ । यहाँ भएको टेलिमेडिसिन र खानीगाउँमा रहेको धुलीखेल अस्पतालकोलाई कसरी व्यवस्थापन गर्ने र भूगोलको सुगमता र स्थानीय श्रोत साधनको उपलव्धताको आधारमा अस्पताल कहाँ र कसरी वनाउने वारेमा कार्यपालिकामा छलफल गरी निस्कर्षमा पुगिने छ ।
- भूकम्पले क्षति पुगेका घरहरुको निर्माणमा प्रक्रिया पुगेका घरलाई नियमित रुपमा सिफारिस गरिएको छ । भूकम्प प्राधिकरण अन्तर्गत नगरमा रहेका प्राविधिकहरुले नियमित अनुगमन र रेखदेख गरेका छन । उनीहरुले गरेको मूल्यांकनका आधारमा प्राधिकरणमा नियमित सिफारिस गरिएको छ । कुनै घरहरु छुट भएको भए पुन अनुगमन गरी सिफारिस गरिने छ ।
- ठानामौला स्वास्थ्य चौकी व्यवस्थापन अनुदान उपलव्ध गराईएको छ । सो शिर्षकवाट भएको कामको समिक्षा गरिने छ । वडावासीलई सुविधा पुग्ने गरी काम गर्न वडा कार्यालयलाई सजग गराईने छ ।
- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ ।
- ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ । करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ
- नगरपालिकामा उत्पादन गरेका कृषि वस्तुको वजारीकरणकोलागि सहकारी मार्फत अगाडी वढाउने गरी सम्झौता भएको छ । वजारीकरणमा नगरको साझेदारी हुने छ ।
- वडा भित्र रहेका समस्याहरु वडा समितिको प्राथमिकताका आधारमा समाधान गर्दै जाने र वडा तथा वस्ती स्तरका समस्याहरु नगर कार्यपालिकाको वैठकमा छलफल गरी अगाडी वढाईने छ ।

**कार्यक्रम समापन ः**

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन गर्नु भयो ।

वडा नं. ९ भंगरा

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल श्रावण २९ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम
स्थान : फलेवास नगरपालिका वडा नं. ९ भंगरा, पर्वत (ग्रामोदय मा.वि.)

कार्यक्रमको विवरण :
अध्यक्षता : श्री गंगाधर शर्मा, नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. ९
कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख
श्री मोतीराम सापकोटा : प्रमुख प्रशासकीय अधिकृत
श्री अमृता कुमारी काफ्ले : नगर कार्यपालिका सदस्य
श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक
श्री कमल गौतम : सूचना अधिकृत
नगर सभा सदस्यज्यू

उपस्थिती :

ने.क.पा. का नेताहरु
नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि
वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु
विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु
टोल विकास संस्थाका पदाधिकारीहरु
सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु
सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु
उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

**सहभागी संख्या तथा विवरण**

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | व्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| १६ | ५४ | ७० | १८ | १० | ४२ | ० |

**कार्यक्रम :**

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : प्रमुख प्रशासकीय अधिकृत श्री मोतीराम सापकोटा
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष गंगाधर शर्मा
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : देवीप्रसाद तिमिल्सिना
- कार्यक्रम संचालन एवं अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : पारश शर्मा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख श्री पदमपाणी शर्मा

**अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र**

- नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- न्यायीक क्षेत्र
- चालु आ.व.को निति तथा कार्यक्रम
- समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या :**

**१४ जना (११ जना पुरुष र ३ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा :**

- दीगो हुने गरी विकासको अभियान संचालन भएको छ ।
- वडास्तरीय योजना भन्दा नगरस्तरीय योजनाहरु भएको हुंदा देखिने काम र टिकाउ हुने काम भएको छ ।
- शिक्षाको सुधारकालागि शुरुवात हुनु ।
- मापदण्ड तोकी सडक निर्माणको अभियान राम्रो छ ।
- विकासमा पछाडी परेको क्षेत्रलाई पहिलो प्राथमिकता दिई काम भएको छ ।
- फलेवासलाई एउटै मालामा गाँस्ने गरी चक्रपथको शुरुवात भएको छ ।
- धार्मिक, सांस्कृतीक र पर्यटकीय हिसावले समेत फलेवासलाई चिनाउन खोजिएको छ ।
- वडा कार्यालय तथा विद्यालयलाई प्रविधिमैत्री वनाई नगरवासीलाई सेवा दिनु ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु ः**

- भंगरा प्रहरी चौकीमा प्रहरीको दरवन्दीको संख्याको तुलनामा ज्यादै कम प्रहरी रहेको हुंदा शान्ति सुरक्षामा कठिन भएको छ ।
- वडा सचिव नभएको हुंदा दैनिक प्रशासनको काम अवरुद्ध भएको छ ।
- स्वास्थ्य चौकीमा प्रमुख नियमित नहुंदा कठिनाई भएको छ ।
- मोटर वाटो रोकिएको छ जसले गर्दा विरामी अस्पताल पुऱ्याउन कठिन भएको छ ।
- योजनाहरु कार्यान्वयन गर्दा घाटा भएको छ । योजनामा पुग्ने गरी विनियोजन गर्नु पर्छ ।
- अनुगमन मूल्यांकन समय समयमा हुनु पर्छ ।
- मोटरवाटो खन्दा भएको क्षतिपुर्ति प्राप्त भए राहात मिल्ने थियो ।
- युवा स्वरोजगारकालागि के कस्ता कार्यक्रमहरु संचालनमा रहेका छन यस विषयमा वढि ध्यान दिनु पर्छ ।
- उपभोक्ता समिति गठन गर्दा सवै समावेशी र सवैलाई जानकारी दिने गरी सूचना गर्नु पर्छ ।
- विद्यालयका भवन निर्माण गर्दा सोही वर्ष सम्पन्न हुने गरी श्रोत विनियोजन गर्नु पर्छ र अनुगमन समयमा नै हुनु पर्छ । काम नभएमा कार्वाहि हुनु पर्छ ।
- मोटरवाटो निर्माण गर्दा डोजर रोकेर राखियो कतै नगरको श्रोत दुरुपयोग भयो कि ।
- विद्यालयमा अग्रेजी पढाउन शिक्षकलाई तालिम पुगेन थप तालिमको आवश्यकता देखियो ।
- स्वास्थ्य चौकी र प्रहरी चौकी भाडामा भएको हुंदा भवन निर्माणमा वजेट विनियोजन हुनु पऱ्यो ।
- नगरपालिकाका पूर्वाधार तर्फका कर्मचारीवाट समयमा अनुगमन र मूल्यांकन हुन सकेन समयमा नै फरफारक हुने गरी काम गर्नु पर्छ ।
- भूकम्पको जनगुनासो सम्वोधन हुनु पर्छ जनताहरु अन्योलमा रहेका छन । वनाईएका घरहरु सवै पास हुनु पऱ्यो ।
- युवा स्वरोजगारका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन हुनु पर्छ ।
- अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- विद्यालयको अनुगमन प्रभावकारी ढंगले होस ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन ः**

- फलेवास नगरपालिका नेपाल कै व्यवस्थित र योजनावद्ध विकासका कार्यक्रम संचालन गर्ने, गुरुयोजना वनाएर सो को मार्गदर्शन अनुसार काम गर्ने नगरपालिका हो । जुन क्षेत्र विकासका हिसावले पछाडी परेको छ सो क्षेत्रमा योजना छनौट गर्दा पहिलो प्राथमिकता दिईएको छ । वजेट विनियोजन गर्दा टुक्रे योजनामा विनियोजन गरिएको छैन । ५ वर्ष भित्रमा नगर विकासको आधार खडा गरी नगरवासीलाई नगरपालिकाको महशुस गराउने सोच रहेको छ ।

○ नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहकालागि अधिकार क्षेत्र तोकेको हुंदा पहिलाको गाविस भन्दा नगरपालिकाको काम गर्ने तौरतरिका फरक परेको छ जसले नगरवासीलाई केहि समय कठिन हुन सक्छ अन्तत विकासका हिसावले नगर अगाडी जान्छ यसमा सवैले साथ दिन आग्रह गर्दछु ।

○ टोल विकास संस्था, वडा समितिको प्रभावकारी भूमिका, वडावासीहरुको सहकार्य, समन्वय र मेलमिलाप भयो भने प्रहरीको जरुरत पर्दैन । प्रहरी त अशान्ती, असुक्षा, विपत व्यवस्थापनको लागि आवश्यक हुन्छ । यहाँ रहेको प्रहरी चौकीमा आवश्यक संख्यामा प्रहरी नभएको भन्ने आएको हुंदा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा ध्यानाकर्षण गरिने छ ।

○ फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ । सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ ।

○ स्थानीय तहमा संघीय सरकारवाट दरवन्दी अनुसारको कर्मचारी नपठाएको हुंदा सचिवको खटाउन सकिएको छैन छिट्टै व्यवस्थापन गरिने छ । स्वास्थ्य चौकीको प्रमुख यहाँ नै वसी सेवा दिनु पर्छ । वडा वाहिर वा नगर वाहिर जांदा वडा कार्यालय र नगरको स्वास्थ्य शाखामा विदा लिएर जान निर्देशन गर्दछु ।

○ मोटर वाटो खनेको पहिलो वर्ष वर्षायाममा गाडी चल्ने अवस्था आउन कठिन हुन्छ अव तुरुन्तै गाडी चल्ने व्यवस्था गरिने छ । विग्रे भत्केका संरचनाहरु सहकार्यमा पुननिर्माण गर्नु पर्छ । भाडामा रहेका शाखा कार्यालयहरुको कार्यालय भवन निर्माण, वडा कार्यालयको भवन निर्माणमा योजना वनाईने छ । स्वास्थ्य चौकीको भवन निर्माणका लागि पहल भएको छ ।

○ भूकम्पले क्षति पुगेका घरहरुको निर्माणमा प्रक्रिया पुगेका घरलाई नियमित रुपमा सिफारिस गरिएको छ । भूकम्प प्राधिकरण अन्तर्गत नगरमा रहेका प्राविधिकहरुले नियमित अनुगमन र रेखदेख गरेका छन । उनीहरुले गरेको मूल्यांकनका आधारमा प्राधिकरणमा नियमित सिफारिस गरिएको छ । कुनै घरहरु छुट भएको भए पुन अनुगमन गरी सिफारिस गरिने छ ।

○ नगरमा संचालित सवै कार्यक्रम र विषयगत शाखाको नियमित अनुगमन गर्ने र सवै शाखा कार्यालय र कार्याक्रम नगरकार्यपालिका प्रति जवाफदेहि र नगरवासी प्रति उत्तरदायी हुनु पर्छ ।

○ निर्माण समिति गठन गर्दा सूचना टाँस, घोक, रेडियोवाट सूचना प्रशारण गरी गरिएको छ ।

○ वडा भित्र रहेका समस्याहरु वडा समितिको प्राथमिकताका आधारमा समाधान गर्दै जाने र वडा तथा वस्ती स्तरका समस्याहरु अगाडी वढाईने छ ।

○ नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ ।

**कार्यक्रम समापन** :

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन गर्नु भयो ।

वडा नं. १० कुर्घा

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल श्रावण ३१ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान : फलेवास नगरपालिका वडा नं. १० कुर्घा पर्वत (वडा कार्यालयको सभाहल)

कार्यक्रमको विवरण :

अध्यक्षता : श्री शालिग्राम शर्मा नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. १०

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख
श्री मञ्जु अधिकारी : नगर उपप्रमुख
श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक
श्री कमल गौतम : सूचना अधिकृत नगर कार्यपालिकाको कार्यालय
नगर सभा सदस्यज्यू
श्री शंकर शर्मा स्टेशन मैनेजर रेडियो पर्वत

उपस्थिती :

ने.क.पा. का नेताहरु
नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि
वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु
विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु
टोल विकास संस्थाका पदाधिकारीहरु
सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु
सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु
उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | व्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| १६ | ५५ | ७१ | ७ | ७ | ५७ | ० |

**कार्यक्रम :**

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष शालिग्राम शर्मा
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : उपप्रमुख मञ्जु अधिकारी
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : पारश शर्मा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

**अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र**

- नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- न्यायीक क्षेत्र
- चालु आ.व.को निति तथा कार्यक्रम
- समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या :**

**२१ जना (१६ जना पुरुष र ५ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा :**

- फलेवासको समग्र विकासकालागि गुरुयोजना तयार गरी अगाडी वढ्ने सोच ।
- पछ्याडी परेको क्षेत्र र भुगोललाई केन्द्रमा राखि वजेट विनियोजन भएको ।
- आयआर्जन, स्वरोजगार र उद्यम विकासको क्षेत्रमा जोड दिएको
- भौगोलिक रुपमा कठिन अवस्थामा रहेको फलेवास नगरपालिकाको एकिकृत विकास अवधारण राम्रो छ ।
- कालीगण्डकीलाई केन्द्रमा राखेर फलेवासको विकासको सपना देखिनु
- शुरुवातमा नै मोटर वाटोको मापदण्ड तोकिनु ।
- विद्युतका काठका पोल २ वर्ष भित्र हटाउने गरी भएको काम ।
- एकिकृत सम्पती कर लागु हुनु राम्रो छ । करको दर समय सापेक्ष छ ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु :**

- खेलकुल मैदान साविकका एक वडा एक मैदानका हिसावले लैजानु पर्छ ।
- पर्यटकीय हिसावले चौधारेमा पार्क निर्माणलाई महत्वमा राख्नु पर्छ ।
- वडा सदस्यहरुको जिम्मेवारी, भूमिका र समय व्यवस्थापन वढाउनु पर्छ ।
- टोल विकास संस्थाको भूमिका प्रभावकारी हुनु पर्छ ।
- एकिकृत कर र सिफारिस दस्तुरको दरमा समिक्षा गर्नु पर्छ ।
- सातमूले धार्मिक पर्यटकीय क्षेत्र ओझेलमा परेको छ ।
- अंग्रेजी माध्यमको पठन पाठनलाई थप प्रभावकारी र अनुगमन वढाउनु पर्छ ।
- शिक्षकको दरवन्दी भूगोल, विद्यार्थी संख्यालाई आधार वनाउनु पर्छ ।
- मातृशिशु र स्वयंसेविकाको कार्यक्रम प्रभावकारी वनाउनु पर्छ ।
- डांडा देखि दलित वस्ती हुंदै चिर्दी खोला सम्मको मोटर वाटो जोड्न वजेट विनियोजन होस ।
- शिक्षकको आन्तरिक सरुवा, वढुवा, पुरस्कार र दण्डको व्यवस्था लागु गर्नु पर्छ ।
- कुर्घाको वृहत्तर खानेपानी योजना कुन निकाय अन्तर्गत पर्दछ ।
- नगरकार्यपालिकाको कार्यालयवाट उपलव्ध गराईएको जेष्ठ नागरिक परिचय पत्रले अन्य जिल्लामा जांदा सुविधा लिन कठिन भएको छ ।
- उत्पादन वढाउने र वजारीकरणको योजना के कसरी सोचिएको छ ।
- अनुगमन समय समयमा गरी योजनालाई सुधार गर्दै जानु पर्ने ।
- वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- फलेवास नगरपालिकाको केन्द्र (मुकाम) कहाँ हो तोक्नु पर्छ ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन :**

- कृषि, पर्यटन, पूर्वाधार र रोजगार : सुन्दर फलेवास सम्वृद्धिको आधारलाई केन्द्रमा राखि ५ वर्षमा फलेवास र फलेवासीमा खुसी ल्याउने गरी कार्यक्रम अगाडी वढाईएको छ । देखिने, अनुभव गर्न सकिने र परिवर्तनको अनुभूति हुने काम भएको छ ।
- नगरपालिकामा नगर स्तरीय खेलकुद मैदान र वडा तहमा वडास्तरीय खेल मैदान निर्माण गर्ने लक्ष्य सहित नगर अगाडी वढेको छ । ५ वर्ष भित्र लक्ष्यमा पुगिन्छ टोल स्तरीय खेल मैदानकोलागि भन्दा वडा स्तरीय खेल मैदान प्राथमिकतामा रहेको छ ।
- नगरको पहिलो प्राथमिकतामा परेका मोटरवाटोहरुको निर्माणलाई वाह्रै महिना गाडी चल्न सक्ने अवस्थामा पुऱ्याउने लक्ष्य रहेको छ । नगरमा डोजर खरिद गरी वस्ती एवं टोल स्तरीय वाटो निर्माणमा लगाउने योजना रहेको छ ।
- टोल विकास संस्थाको संस्थागत विकास संगै नगर कार्यपालिकाको टोल स्तरको आधिकारीक संस्थाको रुपमा अगाडी वढाउने कार्ययोजना रहेको छ । टोल स्तरीय संस्था मार्फत स्थानीय तहमा मेलमिलाप, सरसफाई, टोल तहमा शुसाशन, नागरिक शिक्षा जस्ता कार्यहरुको जिम्मेवारी दिई परिचालन गरिने छ ।

- नगरमा प्रगतीशिल करको शुरुवात गरिएको छ । विपन्न तथा गरिवलाई ज्यादै न्युन कर लगाई उद्योग, व्यवशाय गरी आम्दानी वढि गर्नेलाई कर केहि वढि उठ्ने गरी तोकिएको छ । अन्य पालिकाको तुलनामा हाम्रो नगरपालिकामा करको दर कम रहेको छ । ११ वटै वडावाट एकिकृत सम्पती कर जम्मा गर्न सकिने गरी नगरवासीलाई सुविधा दिईएको छ । करलाई नगरको विकासमा अधिकतम मितव्ययी तरिकाले परिचालन गर्ने गरी संयन्त्र निर्माण गरिएको छ ।
- वडा सदस्यहरुको जिम्मेवारी वडा तहमा विकास अभियानमा अगुवाई गर्ने हो नगरपालिकामा नगर सभा सदस्यका हिसावले ऐन कानुन वनाउने, नगरको हितका सवाल पहल गर्ने हो गरि रहनु भएको छ ।
- पहिलो वर्ष मापदण्ड अनुसार मोटर वाटो फराकिलो पार्ने काम भएको छ । पहिलो वर्ष वर्षा याममा पहिरो खस्ने वढि हुने भएको हुंदा दोश्रो वर्षवाट वाटो संरक्षण गर्ने, नाली वनाउने, जाली भर्ने जस्ता कार्य भै तेश्रो वर्ष सम्म सवै महिना नियमित रुपमा गाडी चल्न सक्ने गरी काम गर्ने योजना रहेको छ ।
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले गर्दै आएका कामहरु नगरकार्यपालिकामा हस्तान्तरण भै सकेका छैनन । हस्तान्तरण भए पछि नगरपालिकावाट नै कार्यान्वयन हुनेछन ।
- पर्यटकीय स्थलहरुको अध्ययन गरी प्रचार प्रसार र भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरु क्रमस हुंदै जानेछन ।
- सुन्दर शान्त र रमणीय फलेवास नगरको रुपमा विकास गर्ने गरी गुरु योजना तयार हुंदै छ । गुरु योजनाले तय गरेको मार्गदर्शन अनुसार, गुणस्तरीय शिक्षा, स्वास्थ्य, एक घर एक रोजगार, एक घर एक धारा, फोहोर व्यवस्थापन स्थल, सवैलाई पायक र उपयुक्त स्थानमा नगरको केन्द्र, ५० शैयाको अस्पताल वनाउने लक्ष्यको अस्पताल, फलेवास क्षेत्रमा ३ वटा चक्रपथ निर्माण, कालिगण्डकी वहुउद्देश्य परियोजनाको पहल भै रहेको छ ।
- फलेवास नगर कार्यपालिकाले नमुना नगरपालिका निर्माण गर्न र दीगो विकास हुने गरी कार्यक्रम अगाडी वढाएको छ । गुरुयोजनाले दिएको आधारमा रहेर फलेवास नगरपालिकाको केन्द्र तोक्ने कार्य यसै आ.व.मा हुने छ ।

**कार्यक्रम समापन** ः

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन गर्नु भयो ।

वडा नं. ११ पाङ्गराङ

# वडा स्तरीय अन्तक्रिया एवं सार्वजिनक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७५ साल भाद्र १ गते

कार्यक्रमको नाम : वडा स्तरीय समिक्षा, अन्तरक्रिया एवं सार्वजनिक सुनुवाई कार्यक्रम

स्थान : फलेवास नगरपालिका वडा नं. ११ पाङ्गराङ पर्वत (सिद्ध मा.वि.को हल)

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

कार्यक्रमको विवरण :

अध्यक्षता : श्री जितवहादुर सुनार (सेरवहादुर) नगर कार्यपालिका सदस्य एवं वडाध्यक्ष वडा नं. ११

कार्यक्रम संचालन : श्री पारेश्वर शर्मा फलेवास नगरकार्यपालिकाको कार्यालय

आषणग्रहण :

श्री पदमपाणी शर्मा : नगर प्रमुख
श्री मञ्जु अधिकारी : नगर उपप्रमुख
श्री टिकाराम गौंडेल : नगर प्रवक्ता
श्री हिरालाल सुनार : नगर कार्यपालिका सदस्य
श्री देवीप्रसाद तिमिल्सिना : योजना व्यवस्थापक
श्री कमल गौतम : सूचना अधिकृत नगर कार्यपालिकाको कार्यालय
नगर कार्यपालिका सदस्यज्यू
नगर सभा सदस्यज्यू
श्री शंकर शर्मा स्टेस्शन मैनेजर रेडियो पर्वत

उपस्थिती : ने.क.पा. का नेताहरु
नेपाली कांग्रेसका सभापती एवं प्रतिनिधि
वडा सचिव लगायत वडामा कार्यरत सवै कर्मचारीहरु
विद्यालयका अध्यक्ष एवं प्र.अ. तथा शिक्षकहरु
टोल विकास संस्थाका पदाधिकारीहरु
सामुदायिक संस्था, सहकारी, महिला समुह, आमा समुह, युवा क्लवका पदाधिकारीहरु
सामुदायिक वन उपभोक्ता समुह, निर्माण समितिका अध्यक्ष लगायत पदाधिकारीहरु
उपस्थित स्थानीय वुद्धिजिवि, वडावासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरु

## सहभागी संख्या तथा विवरण

| महिला | पुरुष | जम्मा | दलित | जनजाती | ब्रामण्ड/क्षेत्री | दनामी |
|---|---|---|---|---|---|---|
| २४ | १०२ | १२६ | २२ | ० | १०४ | ० |

## कार्यक्रम :

- कार्यक्रमको उद्देश्य उपर प्रकाश र फलेवास नगरपालिकाले गत आ.व.मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको संक्षिप्त विवरण प्रस्तुती : देवीप्रसाद तिमिल्सिना
- वडा स्तरमा संचालित योजना तथा कार्यक्रमहरुको प्रस्तुती : वडाध्यक्ष जित वहादुर सुनार
- फलेवास नगरपालिकाले चालु आ.व.मा कार्यान्वयन गर्ने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रकाश : उपप्रमुख मञ्जु अधिकारी
- अन्तरक्रिया तथा सार्वजनिक सुनुवाईकालागि आचार संहिता प्रस्तुत : पारश शर्मा
- फलेवासको समग्र परिकल्पना, विकास र सम्वृद्धिका आधार प्रस्तुती : नगर प्रमुख पदमपाणी शर्मा

## अन्तरक्रिया तथा सार्वजिनिक सुनुवाईका क्षेत्र

- नगरकार्यपालिकाको कार्यालय (वडा, सेवा केन्द्र र नगर कार्यालय) ले दिएको सार्वजनिक सेवा प्रवाह
- पूर्वाधार विकास निर्माण र अन्य कार्यक्रमहरुको कार्यान्वयनको अवस्था र गुणस्तर
- न्यायीक क्षेत्र
- चालु आ.व.को निति तथा कार्यक्रम
- समग्र नगर सरोवारका विषयहरु

**सहभागीहरुवाट जिज्ञासा राख्ने संख्या :**

**२५ जना (१७ जना पुरुष र ८ जना महिला)**

**नगरकार्यपालिकावाट गरिएका कामको प्रसंशा :**

- मोटरवाटोको मापदण्ड तोकि फराकिलो वनाउने कार्य अगाडी वढाएको ।
- विद्युतका काठेपोललाई फलामे पोलमा रुपान्तरण गर्ने अभियान ।
- शिक्षाको गुणस्तर र अंग्रेजी माध्ययमको शुरुवात ।
- कालीगण्डकीमा नाका खोली गिटी वालुवा उत्खनन् ।
- कालीगण्डकी वहुउद्देश्यीय परियोजनाको पहल
- फलामका पोल र ट्रान्सफर्मर उपलव्ध गराएकोमा नगरलाई धन्यवाद ।

**नगरवासीवासीवााट आएका जिज्ञासा र गुनासाहरु ः**

- ○ साना योजनाहरुमा योजना सम्पन्न हुने गरी वजेट विनियोजन गर्नु पर्ने ।
- ○ सिरकाङ पाङराङ सडकलाई सुलिकोट भोगसिङ्ग सडकको रुपमा विस्तार गर्दा पर्यटकीय सडक हुने
- ○ वडा कार्यालयको भवन जिर्ण भएको हुंदा नयाँ भवन निर्माणकालाीग वजेट विनियोजन गर्नु पर्ने ।
- ○ शिक्षाको शैक्षिक मापदण्ड तयार गरी पठन पाठन हुने व्यवस्था गर्नु पर्ने ।
- ○ वडा कार्यालय अगाडी रहेको एम्वुलेन्स संचालनकालागि सहयोग गर्नु पर्ने ।
- ○ तालिम तथा शसक्तिकरणका कार्यक्रममा सवै भेग तथा क्षेत्र मिलाएर सहभागी गराउनु पर्ने ।
- ○ विद्यालय जाने गोरेटो वाटो, खेलकुद मैदान व्यवस्थापन र युवा क्लवको कार्यक्रममा सहयोग गर्नु पर्ने ।
- ○ शिक्षकहरुको समयमा विद्यालयमा उपस्थित हुने गरी ई.हांजिरको व्यवस्था गरियोस ।
- ○ एक घर एक धारा सिस्टमलाई अगाडी वढाउन पहल गर्नु पर्छ ।
- ○ मोटर वाटो फराकिलो वनाउदा जोखिममा परेका घरलाई संरक्षण गर्नु पर्ने ।
- ○ यस वडाको कुनै भाग पनि कुनै योजनामा पनि पिचमा नपरेको हुंदा ध्यान जानु पर्छ ।
- ○ वडा तहमा विद्युतका पोल वितरणमा सवै क्षेत्रलाई समेट्ने गरी मापदण्ड वन्नु पर्छ ।
- ○ टोल विकास संस्था गठन गर्दा सवै घरधुरीलाई सुचना दिएर गठन गर्दा राम्रो हुने थियो ।
- ○ एक वटा टोल विकास संस्था थप गर्नु पर्ने देखिन्छ ।
- ○ नगरवाट वडा कार्यालय आउने वाटोमा नाली, जाली र हिम पाईप व्यवस्थापन गर्नु पर्ने छ ।
- ○ विद्यालयमा अंग्रेजी माध्यम राख्दा आधारभूत तहको ३ सम्मकोलाई कठिन भएको छ ।
- ○ आमा समुह र युवा क्लवहरुलाई सामुदायिक भवन निर्माणमा सहयोग आवश्यक ।
- ○ मोटर वाटोमा परेको जग्गाको कर मिनाह होस ।
- ○ स्वास्थ्य चौकीको सेवा, भौतिक अवस्था सुधार गर्नु पर्ने ।
- ○ जनता आवास कार्यक्रममा वास्तविक लक्षित समुदाय पर्नु पर्छ ।
- ○ उत्पादित कृषि वस्तु र वीउको वजारीकरणमा सहयोग गर्नु पर्ने ।
- ○ स्वास्थ्य चौकीमा औषधी नियमित व्यवस्थापन गर्नु पर्ने ।
- ○ वर्षालागे पछि निर्माणका काम अगाडी वढाउन नहुने ।
- ○ मोटर वाटो निर्माण गर्दा भत्केका संरचना निर्माणमा ध्यान दिनु पर्ने ।
- ○ विद्यालयको अनुगमन प्रभावकारी ढंगले होस ।

**नगर प्रमुख पदमपाणी शर्मावाट नगरवासीका जिज्ञासा र गुनासाको सम्वोधन ः**

- ○ नेपालमा अहिले नागरिकलाई संघ, प्रदेश र स्थानीय गरी ३ वटा सरकारले शासन संचालन गरेका छन । नेपालको संविधान अनुसार अधिकारको वांडफाँड गरी शासन संचालन भएको छ । यसै सिलसिलामा फलेवासमा स्थानीय फलेवास सरकार, प्रदेश सरकार र संघ (नेपाल) सरकारले काम गरि रहेको छ । नयाँ अभ्यास भएको हुंदा पहिलाको गाविस र जिविस जस्तो निकाय अहिलेको फलेवास नगरपालिका होइन । यसलाई ऐन कानुन वनाउन सक्ने, कर तोक्न र संकलन गर्न सक्ने, ऐनले तोके अनुसार न्याय सम्पादन गर्ने गरी संघीय तहमा भए जस्तै सरकार, संसद र न्याय पालिकाको अभ्यास भई रहेको छ ।

- फलेवास नगरपालिकाले एक वर्ष भित्र सम्पन्न हुने योजनाको लागि काम सम्पन्न हुने गरी वजेटको व्यवस्था गरेको छ ।
- फलेवासको मापदण्डका आधारमा निर्माण हुने सडक निश्चित विन्दुमा पुग्ने गरी लक्ष्य वनाइएको छ । सिरकाङ पाङराङ सडकलाई सुलिकोट हुदैं भोगसिंङ्ग जोड्ने सडकको रुपमा अगाडी वढाएको छ ।
- वडा कार्यालय जिर्ण छ यसलाई नयाँ वनाउने तर्फ हामी सोचि रहेका छौं । पुन निर्माण परियोजना मार्फत वडा कार्यालयहरु निर्माण गर्ने गरी प्रस्ताव गर्ने र यदि सो हुन नसकेमा नगर विकास कोषवाट निर्माण कार्य अगाडी वढाउन कार्यपालिकामा छलफल हुने छ ।
- फलेवास नगरपालिकामा रहेका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि प्रविधि मैत्री शिक्षालाई जोड दिएको छ । अभिभावकको अंग्रेजी मोहलाई मेटाउन र नगरका सवै विद्यालयलाई एउटै स्तरको पढाई संचालन गर्न शिक्षकलाई तालिम दिई कक्षा एकवाट अग्रेजी माध्यममा पठनपाठन शुरु भएको छ ।
- युवा स्वरोजगारकालागि १२५ जनालाई स्वरोजगारमूलक सिप तालिम र ११० जनालाई स्वरोजगार कार्यक्रम संचालन गरिएको छ । चालु वर्षमा एक गाउँ एक फमका कार्यक्रम संचालन गरिने छ । यसका लागि संचार माध्यमवाट सूचना प्रसारण, नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सूचना टांस गर्ने गरिएको छ ।
- फलेवास नगरपालिकाले अल्पकालिन भन्दा दिर्घकालिन (दिगो विकास) विकासलाई पहिलो प्राथमिकतामा राखि काम अगाडी वढाएको छ । सानातिना टुक्रे विकास भन्दा नगरलाई दिगो वनाउने विकासलाई जोड दिएको छ ।
- वडा कार्यालय अगाडी रहेको एम्वुलेन्स संचालन हुन सक्ने अवस्थामा छ या छैन अध्ययन गरी कसरी व्यवस्थापन गर्ने वडा समितिमा छलफल गरी दिर्घकालिन एवं दिगो संचालन हुन सक्ने कार्ययोजना तयार गरी नगरमा पेश गर्न सकिन्छ । सो सम्पतीको कसरी सुरक्षा गर्ने सरोकारवाला निकायले समेत ध्यान दिन जरुरी छ ।
- विद्यालयमा रेखदेख तथा व्यवस्थापनकालागि संचालक समिति वढि जिम्मेवार हुनु पर्ने र नगरकार्यपालिकाको कार्यालयवाट नियमित अनुगमन र नियमन हुने वातावरण सृजना गरिने छ ।
- नगरमा विपत व्यवस्थापन नीति पारित भएको हुंदा विपतमा परेका, कडा रोगलागी उपचार गर्न कठिन भएका विपन्न परिवारलाई सहयोग गर्ने गरी कार्यक्रम तय गरिएको छ ।
- अनुमगन कार्यलाई प्रभावकारी वनाउन नीतिगत व्यवस्था गरिएको छ । नियमित रुपमा अनुगमन हुने वातावरण सृजना गरिने छ । अनुगमनको रिपोर्टको आधारमा गुणस्तर, कामको प्रभावकारीतालाई थप मज्वुद गराउने छौं ।
- कृषि वस्तुको वजारीकरणकोलागि सहकारी संस्था मार्फत शुरुवात गरिने छ र साझेदारीमा वजार व्यवस्थापन गर्ने गरी कार्ययोजना ल्याईने छ ।

**कार्यक्रम समापन** ः

फलेवास नगरपालिकाको समग्र विकास र नगरको सोचको वारेमा प्रष्ट पार्दै नगर प्रमुख पदमपाणी शर्माद्धारा कार्यक्रम समापन गर्नु भयो ।

नगरकार्यपालिकाको वडा स्तरीय अनुगमन तथा सार्वजनिक सुनुवाई कार्यक्रमको समय तालिका तथा टोली

<table>
<tr><td colspan="5">फलेवास नगरकार्यपालिकाको कार्यालय खानीगाउँ पर्वत<br>आ.व. २०७४/७५ भए गरेका कामको वडा स्तरीय छलफल तथा अन्तरक्रिया</td></tr>
<tr><td>वडा नं. ३</td><td>वडा नं. २</td><td>वडा नं. १</td><td>वडा नं. ९</td><td rowspan="14">दोश्रो टोली: अन्तरक्रिया तथा सार्वजनिक सुनुवाई<br>नगर प्रमूख :<br>पदमपाणी शर्मा<br>नगर उपप्रमुख :<br>मन्जू अधिकारी<br>प्र. प्र. अधिकृत :<br>मोतीराम सापकोटा<br>कार्यक्रम व्यवस्थापक :<br>देवीप्रसाद तिमिल्सिना<br>सुचना प्रविधि अधिकृत :<br>कमल गौतम<br>खरिदार :<br>पारेश्वर शर्मा<br>सहयोगी :चन्द्र व.कूंवर<br>सवारी चालक:<br>सन्तोष पौडेल</td></tr>
<tr><td>पहिलो टोली : २२ गते</td><td>पहिलो टोली : २३ गते</td><td>पहिलो टोली : २४ गते</td><td>पहिलो टोली : २५ गते</td></tr>
<tr><td>समय : ११ वजे</td><td>समय : ११ वजे</td><td>समय : ११ वजे</td><td>समय : ११ वजे</td></tr>
<tr><td colspan="4">राजश्व शाखा : रमेश जी र लेखा : जगत जी</td></tr>
<tr><td colspan="4"></td></tr>
<tr><td>वडा नं. ८</td><td>वडा नं. ७</td><td>वडा नं. १०</td><td>वडा नं. ११</td></tr>
<tr><td>पहिलो टोली : २७ गते</td><td>पहिलो टोली : २७ गते</td><td>पहिलो टोली : २८ गते</td><td>पहिलो टोली : २९ गते</td></tr>
<tr><td>समय : १० वजे</td><td>समय : २ वजे</td><td>समय : ११ वजे</td><td>समय : ११ वजे</td></tr>
<tr><td colspan="3">राजश्व शाखा : रमेश जी र लेखा : जगत जी</td><td rowspan="6">अध्ययनको लागी जाने पहिलो टोली : वैकुण्ठराज गौतम, धनपति शर्मा, प्रकाश शर्मा लम्साल, रमेश शर्मा, जगत नेपाली</td></tr>
<tr><td colspan="3"></td></tr>
<tr><td>वडा नं. ४</td><td>वडा नं. ५</td><td>वडा नं. ६</td></tr>
<tr><td>पहिलो टोली : २३ गते</td><td>पहिलो टोली : २४ गते</td><td>पहिलो टोली : २५ गते</td></tr>
<tr><td>समय : ११ वजे</td><td>समय : १ वजे</td><td>समय : ११ वजे</td></tr>
<tr><td colspan="3"></td></tr>
</table>

## फलेवास नगरकार्यपालिकाले गरेको कामको प्रशंसा गर्ने एक जना नगरवासीको विवरण :

नाम : हरिप्रसाद पौडेल

ठेगाना : फलेवास नगरपालिका–१०, कुर्घा

टोल : छांगादी

पेशा : कृषि

संलग्नता : समाज सेवी, विद्यालय व्य. समिति सदस्य, पूर्व गाविस संयन्त्र सदस्य

कार्यक्रम भएको मिति : २०७५/०४/३१ गते

स्थान : फलेवास नगरपालिका–१०को वडा कार्यालयको सभा हल




**हरिप्रसाद पौडेलवाट फलेवास नगरकार्यपालिकावाट भए गरेका कामको तपशिल अनुसार प्रशंसा गर्नु भयो ।**

- नगरपालिका भित्र आवश्यकताका आधारमा वजेट विनियोजन गर्ने परिपाटी राम्रो छ ।
- योजना दिंदा योजना सम्पन्न हुने गरी वजेट विनियोजन गर्ने र नपुग भए मूल्यांकनका आधारमा थप गर्ने नीतिगत निर्णय प्रशंसनीय छ ।
- सडकको मापदण्ड पहिला नै तोकि घरगोठ वनाउने मानिसलाई सजग गराएको राम्रो छ ।
- विद्यालय सुधार र अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरेको काम मन पऱ्यो ।
- उत्पादन र भोकमरी हटाउन फाँटहरुमा सिंचाई कार्यक्रमलाई जोड दिएको ठिक छ ।
- एकिकृत सम्पती कर लगाएको राम्रो छ । कर सरल र सुलभ लाग्यो । कर नतिरे सम्म नगरको विकास हुदैंन त्यसैले सवै घरपरिवारले नियमित रुपमा कर तिर्नु पर्छ तव मात्र हाम्रो गाउँमा विकास सम्भव छ ।
- सवै विकास एक वर्ष भित्र खोजेर पाईदैन पहिला नगर कुन अवस्थामा थियो र ५ वर्ष पछि कुन अवस्थामा हुन्छ त्यसको मूल्यांकन गर्नु पर्छ ।
- भौगोलिक रुपमा कठिन अवस्थामा रहेको फलेवास नगरपालिकाको एकिकृत विकास अवधारण राम्रो छ ।
- कालीगण्डकीलाई केन्द्रमा राखेर फलेवासको विकासको सपना देखिनु ज्यादै राम्रो काम हो ।
- विद्युतका काठका पोल २ वर्ष भित्र हटाउने गरी भएको काम राम्रो छ ।
- धार्मिक, सांस्कृतीक र पर्यटकीय हिसावले फलेवासलाई चिनाउन खोजिएको छ ।
- फलेवास र फलेवासीलाई एउटै मालामा गाँस्ने गरी चक्रपथको परिकल्पना गरी निर्माण कार्य शुरुवात हुनु गौरव लागेको छ ।

**सुझावहरु :**

- कालीगण्डकी लोकमार्गको निर्माण कार्य छिटो गर्न पहल गर्नु पर्ने छ ।
- कुर्घाको वाच्छा चोक देखि कालिगण्डकी लोकमार्ग जोड्ने विचको वाटो स्तरउन्नती गर्नु पर्ने देखियो ।
- समय समयमा वडावासीहरुलाई कामको जानकारी, छलफल र अन्तरक्रिया गरी सुझाव लिनु पर्छ ।

## फलेवास नगरकार्यपालिकाको सार्वजनिक सुनुवाईमा राखेका गुनासो र नगरप्रमुखले गरेको सम्वोधन मध्ये एक जनाको विवरण :

नाम : नारायण प्रसाद लामिछाने
ठेगाना : फलेवास नगरपालिका–५, खानीगाउँ
पेशा : शिक्षक
संलग्नता : समाज सेवा, राजनितिक सेवा, ........
कार्यक्रम भएको मिति : २०७५/०५/०२ गते
स्थान : फलेवास नगरपालिका–५ को वडा कार्यालयको खुला चौर

---

**नारायण प्रसाद लामिछानेको नगर कार्यपालिकाकोलागि प्रश्न र नगर प्रमुखको सम्वोधनको अंश :**

**⊗ फलेवासलाई प्रदेशको राजधानी जोड्ने वाटो निर्माण गर्ने भनिएको थियो कहाँ पुगेको छ ?**

⊕ जव सम्म जैमुनि हुंदै फलेवास नौडाडाँ पोखरा जोडिदैंन तव सम्म फलेवासको विकासले गति लिन सक्दैन । फलेवास नगरपालिकाले फलेवासलाई प्रदेश राजधानी जोड्ने गरी जैमुनी राहाले चितिपानी मेलपोखरी कार्किनेटा र देविस्थान खानीगाउँ खल्डाँडा पोखरा चौर थापाठाना कार्किनेटा हुंदै पोखरा जोड्ने गरी दुई वटा सडक ११ मिटर चौडाईका निर्माण भईरहेको छ । चालु आ.व.मा ट्याक ओपन सम्पन्न गरी नाली तथा सडकको स्तरउन्नती गर्ने लक्ष्य रहेको छ ।

**⊗ थापाठाना वेतेहानी लिमिठाना लमाय खोला वयरडाँडा मोटर वाटोको निर्माण के भएको छ ?**

⊕ लमाय खोला लिमिठाना ठानामौला वेहानी एक वटा समिति र थापाठाना भंगरा वेतेहानी अर्को गरी दुई वटा समिति मार्फत ८ मिटर चौडाई भएको वाटो निर्माण भईरहेको छ । थोरै क्षेत्र फराकिलो गराउन वांकी रहेको छ । चालु आ.व.मा पुरा हुनेछ । चालु आ.व.मा सडकको स्तरउन्नती र नालीको काम गर्ने लक्ष्य रहेको छ ।

**⊗ फलेवास नगरपालिकाको केन्द्र खानीगाउँलाई सवै वडासंग जोड्ने गरी सडक निर्माण गर्ने भनिएको थियो सो काम के हुंदैछ ?**

⊕ फलेवासलाई एउटै मालामा जोड्ने गरी वाहिरी चक्रपथ, भित्री चक्रपथ र सेन्टर चक्रपथको हिसावले काम भएको छ । गत आ.व.मा २१ वटा मोटर वाटोका योजनाहरु फलेवासलाई केन्द्रित गरी निर्माण कार्य अगाडी वढेको छ ।

**⊗ फलेवासमा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने योजना के भएको छ ?**

⊕ युवाहरुको चाहना अनुसार एक वडा एक खेलमैदान निर्माण गर्ने कार्य अगाडी वढेको छ । गत आ.व.मा ५ वटा वडामा एक एक वटा खेल मैदान शुरुवात गरेका छौं । यस आ.व.मा ति खेल मैदानको स्तर उन्नती गर्दै अन्य वडामा निर्माण गर्ने कार्यलाई अगाडी वढाईने छ ।

**⊗ एक वडा एक चौतारी पोखरीको कार्यक्रम कहाँ के हुँदै छ ?**

⊕ वातावरण संरक्षण, पानीका मुहान संरक्षण एवं जलवायू अनुकुलन हुने उद्देश्यका साथ एक वडा एक चौतारी पोखरी निर्माण गर्ने कार्य पहिलो वर्ष ३ वटा वडामा भएको छ । आगामी वर्षहरुमा निरन्तर विस्तार गर्दै ४ वर्ष भित्र सवै वडामा चौतारी पोखरी निर्माण र संरक्षण गर्ने सन्देश दिने अभिप्रायले निर्माण र मर्मत संभारको काम भई रहेको छ ।

**⊗ होम स्टे वनाउने भनिएको थियो कहाँ भयो जानकारी पाउँ ?**

⊕ फलेवासलाई पर्यटनको हिसावले विकास गर्ने उद्देश्यका साथ डहरेमा खुला चिडियाखाना, मनमोहन शान्तिवाटिकाको पूर्वाधार निर्माण कार्यको शुभारम्भ संगै फलेवास नगरपालिका वडा नं. २ को मगर वस्ती खुमका ९ घरमा होम स्टेको शुरुवात भएको छ । जहाँ अहिले जाने अतिथि पाहुनाहरु वास वस्न, स्थानीय उत्पादन उपभोग गर्न र गाउँले पाराको अतिथि सत्कार हुने गरेको छ ।

**⊗ सिंचाई योजना निर्माण गर्ने भनिएको थियो कति वटा निर्माण भए ?**

⊕ उत्पादन र उत्पादकत्व वृद्धि गर्ने गरी फलेवासको उर्वर भूमिलाई सिंचित गर्न मागमा आधारित ४३ वटा साना तथा मझौला सिंचाई योजना निर्माण भएका छन । मागका आधारमा सिंचाई पोखरी वितरण गरिएको छ ।

**⊗ महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गर्ने भनिएको थियो के गरियो ?**

⊕ महिला स्वयंसेविकाहरुको नगर स्तरीय भेला आयोजना गरी समन्वय समिति गठन गरिएको छ । सो समितिको राय सल्लाह वमोजिम महिला स्वयंसेविका कल्याण कोषको स्थापना गरिएको छ । स्वयसेविकाहरुको क्षमता विकास, आर्थिक विकास र राहातका कार्यक्रमहरु यसै कोष मार्फत कार्यान्वयन गरिने छ । स्वयंसेविकाको प्रोत्साहनका लागि स्थापना गरिएको उक्त कोषको व्यवस्थापन गरि हरेक वर्ष रकम थप गर्दै जाने लक्ष्य लिईएको छ ।

**⊗ युवा लक्षित के कस्ता कार्यक्रम संचालन गरियो ?**

⊕ युवाहरुलाई केन्द्रित गरी खेलकुद मैदान निर्माण, खेलकुद सामाग्री वितरण, उत्कृष्ट खेलाडीलाई प्रोत्साहन, युवा स्वरोजगार कार्यक्रम मार्फत ११० जना युवालाई अनुदान, १२५ जना युवाहरुलाई सीपमूलक तालिम र प्रविधिमा सहयोग गरी उद्यम सृजनामा टेवा पुगेको छ । सीप लिएका युवाहरुले उद्यम शुरुवात गरेका छन भने युवा स्वरोजगारमा सहयोग गरेका युवाहरुले व्यवशाय विस्तार गरी आम्दानी वृद्धि एवं स्वरोजगार सृजना गरेका छन ।

**⊗ कृषिमा आधुनिकिकरण र यान्त्रीकिकरण गर्ने थियो के कस्ता कार्यक्रम गरियो ?**

⊕ नगर कार्यपालिकाले सूचना सार्वजनिक, वडा कार्यालयमा सूचना टाँस गरी समय भित्र माग भई आएका कृषि मेसिन, औजार तथा यन्त्रहरु वितरण गरियो । माग भएका सवै कृषकको सम्वोधन गरिएको छ भने प्लास्टिक टनेल समेत घर वनेका सवै कृषकलाई उपलब्ध गराईएको छ ।

## अंहिसावादी सन्देश अनलाईनमा प्रकाशित समाचार :

# फलेवास नगरपालिकाद्धारा सञ्चालित सार्वजनिक सुनुवाई कार्यक्रम समापन



३ भाद्र, फलेवास पर्वत, फलेवास नगरपालिका को आयोजनामा श्रावण २५ गते देखि सञ्चालित सार्वजनिक सुनुवाई कार्यक्रमको शनिवार समापन गरिएको छ । शनिवार देविस्थान र खानिगाउँमा एकै दिन कार्यक्रम सम्पन्न भए सगै उक्त कार्यक्रमको समापन गरिएको हो । देबिस्थानमा आयोजित कार्यक्रममा स्थानिय नागरीकहरुले विभिन्न गुनासा, माग तथा योजना बारे आफ्ना धारण व्यक्त गरेका छन । पर्वत बहुमुखी क्याम्पसको सभाहलमा भयको कार्यक्रममा बोल्दै स्थानिय नगरिकहरुले मोटारवाटो निमार्णको क्रममा फलेवासको सवैभन्दा ठुलो सिंचाइको नहर पुरीदा सिचाईको असुविधा हुने गरेको गुनासो गरे । त्यस्तै जेष्ठ नागरिकलाइ परिचय पत्र वितरण गरिएपनि जेष्ठ नागरिकको लागि खास सेवा तथा सुविधाको व्यवस्था नगरिएको,सञ्चार माध्यमलाइ सहयोग नगरिएको,घुयन्याउला देखि ढिकसम्मको सडक निर्माण ढिलाइ भएको,शिक्षक दरबन्दि नभएको जस्ता गुनासा राखेका हुन । यस्तै नगरभित्रट्राफिक व्यवस्थापन गर्नु पर्ने, स्वास्थय चौकिमा औषधिको अभाव हुदा विरामि मर्कामा पर्ने गरेको भन्दै यथा सिघ्र व्यवस्था गर्न्न माग गरिएको छ । कार्यक्रममा देविस्थान निवासि बुद्धिराज गौडेल, विजय भुसाल, भरत कुमार श्रेष्ठ,निर्मल कुमार श्रेष्ठ, बलाराम भुसाल, तुलसिराम तिवारी नन्दलाल रेग्मि, रमेश प्रसाद शर्मा, गिता देवि शर्मा, नारायण रखाल, पुण्य घिमिरे, कृष्णराज पौडmे, सृजना विश्वकर्मा, ओम भुसाल, सम्झना श्रेष्ठ, यदुनाथ रखाल, लगाएतले जिज्ञासा, तथा गुनासाहरु राखेका थिय।

यता खानिगाउ मा भयको कार्यक्रम मा पनि नागरिकका अत्यावश्यक  काममा नगरपालिका को ध्यान जान नसकेको भन्दै स्थानिय ले आक्रोश व्यक्त गरेका छन् । विभिन्न ठाँउमा मोटर बाटो निर्माण गर्दा सिंचाइ को कुलो पुरियकोले सिचाइ को समस्या भएको स्थानीय को गुनासो रहेको थियोे , नगरपालिका को केन्द्र देखि देबिस्थान जोडने मोटर बाटो लामो समय सम्म निर्माणकार्य गर्न दिएकोमा आलपत्र आबस्थाम रहेकोले दैनिक यात्रा गर्न नसक्ने अबस्थामा रहेकोले उक्त बाटो निर्माणकार्य छिटोभन्दा छिटो सक्न नगरपालिकाको ध्यानाकर्षण गराइएको छ खानेपानिको समस्यामा नगरपालिकाको चासो नगएको भन्दै हिलो सहितको पानि पिउन नागरिकहरु बाध्य भएको स्थानियको आक्रोस रहेको थियो । स्थानिय सरकार गठन सगैं कर बढेको भन्दै करको दर समायोजन गर्न समेत आग्रह गरेका छन । वित्तिय सस्थाले चर्को व्याजदरमा कर्ज दिने गरेको भन्दै यसको नियन्त्रणमा नगरपालिकाको ध्यानाकर्षण गराईएको थियो । विपन्न नागरीकलाई नगरपालिकाले वास्ता नगरेको , बाटो निमार्णले बस्ती जोखिममा परेको, वडाबाट बसाई सराईको दर बढदै गएको लगाएतका सामस्या समाधानमा नगरापलिकाको ध्यान नगएको भन्दै गुनासो गरे ।



कार्यक्रममा खानीगाउँ निवासि दिनेस थापा, नारायण लामिछाने, खड्ग लामिछाने, अर्जुन बहादुर क्षेत्रि, दिपक थापा, चित्र सापकोटा, दुर्गा लम्साल, हिरामणि सापकोटा, तोयानाथ पौडेल, पुण्य प्रसाद सुवेदि, रमेश शर्म, कृष्णराज पौडेल, कृष्ण प्रसाद तिवारी, महेन्द्र सुवेदि, कुमारी सुनार, लकास सुवेदि, बालाकृष्ण सापकोटा लगाएतले वडा भित्रको समस्या वारे बोलेका थिय।

कार्यक्रममा उठेका प्रश्नको जवाफ दिदै फलेवास नगरकार्यपालिक प्रमुख पदमपाणि शर्माले जनताका समस्या बुझ्न नगरपालिका गाउँगाउँमा पुगेको भन्दै औचित्य र आवस्यकताका आधारमा प्राथमिकता निर्धारण गरि कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । गुरुयोजना,बस्ती निर्माण,भु उपयोग निति,पर्यटकिय क्षेत्र निर्माण,बजारिकरण उत्पादित बस्तुको उपयुक्त पहिचानको लागि दशै पछि निश्कर्ष मा पुगिने बताउनुभयो । किस्ताकिस्तामा नभइ

पाइपलइनबाट विकाश गरिने उहाँको भनाइ थियो । औचित्यता र आवस्यकताको आधारमा नागरीकवाट आएका सवै माग सम्बेधन गरिने पनि शर्माले बताउनु भयो ।




कार्यक्रममा उपप्रमुख मञ्जु अधिकारीले नगरपालिका सम्बृद्ध बन्न यहाँका नागरीकहरु व्यवसाईक बन्नु पर्ने बताउनु भयो । त्यस्तै उहाँले ११ वटै वडामा ११ विधामा तालिम प्रदान गरिएको भन्दै तालिम सिकेको जनसक्ति हाल आफुले सिकेको विभिन्न व्यवसायमा समेत आवद्ध बनेको बताउनु भयो । आफुहरु ५ बर्षको लागि सम्पुर्ण जनताको साझा व्यक्ति बनेको भन्दै सबै जनता संग हातेमालो गर्दै विकासका कार्यमा लाग्ने बताउनु भयो । देविस्थानका वडा अध्यक्ष भोलानाथ भुसालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गत आर्थिक बर्ष नगरपालिका भित्र संचालित कार्यक्रम बरे योजना व्यवस्थापक देवि तिमल्सीनाले प्रकास पार्नुु भएको थियो भने सञ्चालन पारस शर्मा ले गर्नु भएको थियो ।